# वर्गदृष्टि
Bargadristi Weekly
साप्ताहिक

वर्ष ४ अङ्क १ पूर्णाङ्क १४६ | २०७६ असार ९ गते सोमबार | Monday, 24 Jun, 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


## हत्याको प्रतिरोधमा विप्लव नेकपाद्वारा असार १० नेपाल बन्द



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीले केपी ओली सरकारको बर्बरतापूर्ण फासीवादी दमनका विरुद्ध संघर्षका कार्यक्रमको घोषणा गरेको छ। नेपाल कम्युनिष्ट पार्टीका महासचिव विप्लवद्वारा हस्ताक्षरित एक विज्ञप्ति मार्फत् उक्त संघर्षको घोषणा गरिएको हो । घोषित संघर्षका कार्यक्रम ...बाँकी ५ पेजमा

# 'सत्ताधारीहरू कम्युनिस्ट होइनन्, नवप्रतिक्रियावादी हुन्'

● वर्गदृष्टि संवाददाता

हेटौडा । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले सत्ताधारीहरू कम्युनिस्ट नभएर नवप्रतिक्रियावादी भएको विश्लेषण गर्दै यिनीहरूलाई सत्ताच्युत गर्न क्रान्तिको प्रक्रियालाई सशक्त रूपमा अगाडि बढाउनुपर्ने विचार व्यक्त गरेका छन् । क्रान्तिका लागि युवाहरूले आफूलाई सिद्धान्त र संगठनका हिसाबलाई सदृढ पानुपर्ने आवश्यकता औल्याउँदै मार्क्सवाद-लेनिनवाद-माओवादको विचारलाई बलियो गरी पकड्न र संगठनलाई गाउँ गाउँतहसम्म विस्तार गर्न महासचिव किरणले क्रान्तिकारी युवाहरूलाई निर्देशन समेत दिएका छन् । पार्टीको जुझारु संगठन क्रान्तिकारी युवा लिग, नेपालको पहिलो राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै महासचिव किरणले यस्तो विचार व्यक्त गरेका हुन् ।

क्रान्तिकारी युवाहरूको भव्य उद्घाटन समारोहलाई सम्बोधन गर्दै महासचिव किरणले भने, "सिद्धान्तविना क्रान्ति हुँदैन । मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक हतियारलाई दह्रोसँग पकड्नुस् र संशोधनवादी र अवसरवादीहरूका विरुद्ध सशक्त रूपमा संघर्ष गर्दै युवाहरूको संगठनलाई वडा-वडासम्म फैलाउनुस् । क्रान्तिका लागि सिद्धान्त र संगठनलाई सबैभन्दा सुदृढ तुल्याउनु पर्दछ ।"

संशोधनवादी र अवसरवादीहरूले क्रान्ति पूरा भएको भनेर कोकोहोलो मच्चाएपनि परिस्थितिले त्यसलाई झुठो सावित गरिसकेको चर्चा गर्दै महासचिव किरणले पछिल्ला केही दिनको स्थिति हेर्दा पनि अब जनता आमूल परिवर्तनका निम्ति फेरि सडकमा उत्रने स्थिति बलियो बन्दै गएको बताए । महासचिव किरणले भने, "जनता फेरि सडकमा उत्रिदै छन् । आन्दोलनका संकेतहरू राम्रैसँग अगाडि बढ्दै गइरहेका छन् । शान्तिप्रक्रिया पूरा भइसकेको छैन । जनताले अधिकार नपाएसम्म क्रान्ति निरन्तर जारी रहन्छ ।"

राष्ट्रिता, जनतन्त्र र जनजीाविकाका समस्याहरू विकराल अवस्थामा रहेको चर्चा गर्दै महासचिव किरणले जनविरोधी विधेयक लादेर ओली सरकार फासिवादी अभ्यासमा लागेको र ...बाँकी ५ पेजमा



## नवलपुरका क्रान्तिकारी पत्रकारहरू आन्दोलित, पछि हट्यो महासंघ



● शोभा जिसी

नवलपरासी । क्रान्तिकारी पत्रकार महासंघ नवलपुरले थालेको आन्दोलनले गर्दा नेपाल पत्रकार महासंघ नवलपुर आफ्नो निर्णयबाट पछाडि हटेको छ ।

नेपाल पत्रकार महासंघ नवलपुरले नयाँ सदस्यताका लागि २ हजार शुल्क र भवन निर्माणका लागि २ हजार सहयोग अनिवार्य गरेकोमा अहिले त्यो निर्णय फेरेर सदस्यताका लागि केन्द्रको नियमानुसार ३ हजार र भवन निर्माणका लागि स्वच्छिक सहयोग गर्न पाउने निर्णय भएको नेपाल पत्रकार महासंघ नवलपुरका सचिव प्रेम रिमालले बताए ।

क्रान्तिकारी पत्रकार महासंघ आन्दोलित भएर नेपाल पत्रकार महासंघ ...बाँकी ५ पेजमा

## क्रान्तिकारी युवा लिगको सम्मेलन भव्य रूपमा सम्पन्न, अध्यक्षमा अमिर महर्जन

हेटौडा । क्रान्तिकारी युवा लिग, नेपालको प्रथम राष्ट्रिय सम्मेलन अमिर महर्जन 'आकाश'को अध्यक्षतामा ३६ सदस्यीय केन्द्रीय समिति चयन गर्दै भव्य रूपमा सम्पन्न भएको छ । सम्मेलनबाट अध्यक्षमा निर्वाचित महर्जनले प्रथम सम्मेलन आयोजक कमिटीको संयोजकका रूपमा आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएका थिए । जुझारु र संगठनप्रति प्रतिबद्ध महर्जनको नेतृत्व अन्तर्गत उपाध्यक्ष त्रय केशव ढल्कुटी, उत्तम थापामगर र गंगा महतो निर्वाचित भएका छन् । निर्वाचित समितिको महासचिवमा दिलबहादुर कठायत, सचिवद्वयमा रबिन लिम्बु र सागर क्षेत्री र कोषाध्यक्षमा ज्ञानु खतिवडा निर्वाचित भएका छन् ।

समितिको सचिवालयमा सुरेश तामाङ, तिलक अधिकारी, लालकिरण, रोमन महर्जन, विक्रम थापा, ईन्द्र गौतम, ईन्द्र चिमोरिया निर्वाचित भएका छन् । त्यसैगरी, सदस्यहरूमा असल तामाङ, रवि अधिकारी, असलहरि विक, किरण मगर, इन्द्र गुरुङ, राजकुमार सुनार, कल्पना गौतम, छोटु (विनयकुमार), प्रगति, महेश, गोविन्द, वासु, रामकिशोर



दास, लक्ष्मी, हरिनारायण यादव, देव मुण्डा, संघर्ष, प्रवेश कार्की, नरेश राउत, कुल बहादुर श्रेष्ठ र जलन रुचाल रहेका छन् ।

बन्दसत्रको कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', देजमोका अध्यक्ष सीपी गजुरेल ' गौरव', पीवीएम् तथा प्रदेश नम्बर ३ का सेक्रेटरी दिनेश शर्मा, सीसीएम फुर्वा तामाङलगायतका नेताहरूको उपस्थिति रहेको थियो । उद्घाटन सत्रमा महासचिव किरण, मोर्चा अध्यक्ष गौरवलगायत क्रान्तिकारी माओवादी सम्बद्ध जनवर्गीय तथा मोर्चाका अध्यक्ष तथा प्रतिनिधिहरूले शुभकामना मन्तव्य प्रस्तुत गरेका थिए । ...बाँकी ५ पेजमा

## क्रान्तिकारी ट्रेड युनियन महासंघको राष्ट्रिय भेला भव्य रूपमा सम्पन्न, अध्यक्षमा ईश्वर तिमिल्सिना

काठमाडौं।अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको सातौं राष्ट्रिय भेला भव्य रूपमा सम्पन्न भएको छ । भेलाले ईश्वर तिमिल्सिनाको अध्यक्षतामा नयाँ केन्द्रीय समिति चयन गरेको छ। महासंघको ३१ र ३२ जेठमा



सम्पन्न बन्दसत्रले ईश्वर तिमिल्सिनाको अध्यक्षतामा ३५ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ । ७ जना पछि थप गर्ने गरी निर्माण गरिएको केन्द्रीय समितिमा हाल २८ जना रहेका छन् ।

निर्वाचित सदस्यहरूमा बालकुमार सुनुवार, सूर्य गिरी, विना बुढाथोकी, रंगवीर तामाङ, रमेश बोहोरा, संजय चौधरी, नरेन्द्र बञ्जाडे, राजु लामा, निशा राई, दिनेश थापा, रामकुमार दोङ, सुरेन्द्र राई, देवी गौली, उद्धव गुरुङ, दिनेश बर्तौला, कुमार घतानी, ढोगप्रसाद अधिकारी, कर्णबहादुर पुन, अर्जुनलाल श्रेष्ठ, नन्दु झा, वालकृष्ण बुढाथोकी, मोहन पहाडी, कृष्ण कट्टेल, ठाकुर तिमिल्सिना, बद्री चापागाईं, भीम काफ्ले र राजु भुजेल रहेका छन् ।

बन्दसत्र मोहनसिंह तामाङको अध्यक्षतामा निशा राई र विजय तामाङ सदस्य रहेको तीन सदस्यीय अध्यक्षमण्डल चयन गरी अघि बढाइएको थियो ।

बन्द सत्रमा उपस्थित प्रतिनिधि तथा पर्यवेक्षहरूलाई ५ टिममा विभाजन गरी विधान तथा प्रतिवेदनमाथि छलफल गराइएको थियो । छलफलपछि सुझावहरू समेटेर विधान तथा प्रतिवेदन सर्वसम्मतले पारित गरिएको थियो ।

त्यसपछि अध्यक्षमण्डलबाट नयाँ केन्द्रीय समितिको निर्वाचनका लागि प्यानल प्रस्ताव प्रस्तुत गरिएको थियो । केन्द्रीय समिति ३५ सदस्यीय रहने प्रस्ताव पारित ...बाँकी ६ पेजमा

## शिक्षामन्त्रीको राजीनामा मागसहितका संघर्षका कार्यक्रम अघि बढाउँदै अखिल क्रान्तिकारी

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) ले अबको उसको संघर्ष भनेको शिक्षामन्त्री गिरीराजमणि पोखरेलको राजीनामाको मागलाई लिएर हुने बताएको छ । त्रिवि शिक्षा सेवा आयोगमा भएको विकृति, विसंगति र नातावाद/कृपावादका विरुद्ध एक महिने रिले अनसन बसेर प्रहरी हस्तक्षेप गरी बल प्रयोग मार्फत् त्यहाँबाट उठाइएपछि बुधवार कमलादीस्थित होटल कमलमा गरिएको एक प्रेस भेटघाटमा उक्त कुरा बताइएको हो ।



अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष हरिकृष्ण गजुरेलले प्रेस सम्मेलनमा उपस्थित पत्रकारहरूका माझ अखिल (क्रान्तिकारी) सडकको बाघ भएर प्रस्तुत हुने भन्दै अबका दिनमा पड्कनु परे पनि आफूहरू डाइनामाइट बनेर नै पड्कने कुरामा जोड दिएका थिए । त्रिविको आँगनमा त्रिवि सेवा आयोगको खारेजी, आयोगका भ्रष्ट पदाधिकारीहरूको बर्खास्तगी र असंवैधानिक रूपमा प्रकाशित नतिजा खारेजीको माग राखेर महिना दिनसम्म रिले अनसन बस्दा पनि उल्टै भ्रष्टहरूको संरक्षणमा अनसनरत क्रान्तिकारी विद्यार्थीमाथि निकै भर्त्सनायोग्य र अमानवीय दमनमा प्रहरीहरूलाई उतारेर ओली सरकारले फासीवादी हर्कत देखाएको गजुरेलको जोड थियो ।

अबका दिनमा संघर्षलाई अझ उच्चस्तरमा विकास गर्ने र भ्रष्टाचारीहरूको दोहोलो काढ्ने कुरा बताउँदै यसका लागि सबैले साथ दिन आह्वान पनि गरिएको थियो । कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी)का महासचिव पेशल दाहालले गरेका थिए ।

य सै बी च , ...बाँकी ६ पेजमा

## ओलीको राज्य-आतंकले युद्ध निम्तिने खतरा




काठमाडौं । दम्भ, अहंकार र स्वेच्छाचारितामा रमाइरहेको ओली सरकारको फासीवादउन्मुख चरित्र फेरि अर्को नग्न रूपमा देखा परेको छ । सर्लाहीको लालबन्दीमा बाटामा हिंडिरहेका नेकपा विप्लवका जिल्ला इञ्चार्ज कुमार पौडेलको विभत्स हत्या गरी मुठभेडको वकालत गरिरहेको ओली सरकार थारु आन्दोलनका क्रममा ...बाँकी ५ पेजमा

## कार्ल मार्क्सको द्विशतवार्षिकी

कार्ल मार्क्स ५ मई, १८१८ मा जर्मनीमा जन्मनु भएको थियो । १४ मार्च, १८८३ मा उहाँको देहावसान भयो । आज मार्क्स जन्मेको दुईसय वर्ष पूरा भइसकेको छ र विश्वभर मार्क्सको द्विशतवार्षिकी मनाउने काम भएको छ । मार्क्स विश्व सर्वहारावर्ग र उत्पीडित जनसमुदायका महान् नेता हुनुहुन्थ्यो । जर्मनीवासी एङ्गेल्स (१८२०-१८९५) को सहयोगमा मार्क्सले मार्क्सवादको निर्माण गर्नुभयो । मार्क्सवाद ऐतिहासिक आवश्यकताअनुसार विश्व

**सर्वहारावर्ग र उत्पीडित जनसमुदाय बीच बलियो एकता कायम हुनु पर्दछ । आखिर, वर्ग समाजमा सबै उत्पीडन आफ्नो सारतत्वमा वर्गीय उत्पीडनकै अभिव्यक्ति हुन् । सर्वहारावर्ग र उत्पीडित जनसमुदायको मुक्तिका लागि मार्क्सवादले नै पथप्रदर्शन गर्दछ**



● मोहन वैद्य 'किरण' ●

सर्वहारा वर्ग र सिङ्गो मानव जातिकै मुक्तिको लागि जन्मिएको थियो । मार्क्सवादको औचित्य र सान्दर्भिकता अहिले पनि उत्तिकै छ ।

बाह्य रूपमा विभिन्न प्रतिक्रियावादी, पुँजीवादी र साम्राज्यवादीहरूले मार्क्सवादमाथि भीषण हमला गर्दै आएका छन् । दुश्मनहरूले आन्तरिक रूपमा पनि मार्क्सवादमाथि हमला बोले र त्यसै क्रममा मार्क्सवादको आन्तरिक दुस्मनका रूपमा संशोधनवाद जन्मियो । मार्क्सवाद बाह्य र आन्तरिक दुवै प्रकारका दुश्मनका विरुद्ध संघर्ष गर्दै अगाडि बढ्यो र त्यो मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकसित हुन पुग्यो । मार्क्सवाद मानवीय श्रमशक्ति, प्रकृति विज्ञान र वर्गसंघर्षको ...बाँकी ४ पेजमा

## सम्पादकीय

# विधायिका छलेर मन्त्रीद्वारा गुठी विधेयक 'फिर्ता' लिइनु नाटक मात्र

ओली सरकारले संसदमा पेश गरेको गुठी व्यवस्थापन विधेयक हाललाई फिर्ता लिइएको बताएको छ । संसदमा पेश गरिएको तर भूमिसुधार मन्त्रीले कार्यकारी निकायबाट विधेयक फिर्ता लिइएको जनाउ दिंदा यसले अर्को भ्रम र आशंका उत्पन्न गराएको छ । विधेयक फिर्ता लिने, पास गर्ने वा नगर्ने वा खारेज गर्ने सम्पूर्ण अधिकार विधायिकामा निहित छ । विधायिकामा दर्ता भएका, छलफलको क्रममा रहेका, विवादित भएका, खारेज वा अस्वीकृत नगरिएका विधेयकहरू मन्त्रीमण्डलजस्तो कार्यकारी निकायबाट सिधै बदर, फिर्ता, निस्क्रिय वा खारेज गर्न पाइँदैन । यसो गर्नु भनेको विधायिका छल्नु, संसदको खिल्ली उडाउनु र जनता वा सम्बन्धित पक्षलाई थाङ्नामा सुताउनु मात्र हो । ओली सरकारको क्याबिनेट मन्त्रीबाट विधेयक फिर्ता गराइनु अवैधानिक र आन्दोलनकर्ताको आँखामा छारो हाल्नु मात्र हो ।

यसको अर्थ भनेको केही समयपछि यो विधेयक अर्को अनुहार लिएर फेरि आउँछ किनकि यो संसदमा विधिवत छलफलका लागि दर्ता गरिएको छ । तत्कालका लागि सडकमा उर्लिएको जनसागरलाई साम्य पार्नका लागि जेजति गरिए पनि यो न त सत्य हो, न त यथार्थ । बरु यो ओली सरकारको जानीमानी आएको र भोग्दै आएको नौटंकीका अर्को रूप मात्र हो । विधेयक संसदमा जिवितै छ । गुठी विधेयक आन्दोलनका क्रममा जजसले यो विधेयक फिर्ता होइन, खारेजीको माग गरे, यो सत्य हो र यथार्थ पनि । गुठी विधेयक विरोधी आन्दोलन पनि एकको दुईमा विभाजित भएको देखिएको छ : गुठीयार नेता र गुठीमा आवद्धहरू ।

गुठियार नेताहरू सम्झौता र सुलहको खोजीमा रहेको देखिएका छन् । तर गुठीमा आवद्ध सदस्य तथा सर्वसाधरण सुलह र सम्झौताको विपक्षमा र विधेयक खारेजीको पक्षमा रहेका देखिएका छन् । यो कुरा बढी नेवा आन्दोलनको सन्दर्भमा सत्य हो । यसका साथै नेवा गुठीहरूबाहेक मठाधीश, राजामहाराजा, विर्ता आदि लगायतका गुठी अन्तरगतका जोताहाहरू विधेयकका पक्षमा देखिएका छन् । उनीहरू गुठी विधेयक फिर्ताबाट केही निराश हुन पनि पुगेका देखिन्छन् । यहाँनेर नेवा गुठी र अन्य गुठीहरूका बीचमा रहेको भिन्नता र विशिष्टताहरूलाई राम्रो गरी केलाइनु जरुरी छ ।

नेवा गुठी नेवार समुदायको सामाजिक व्यवस्था, आपसी सहकारी, आर्थिक जीवन, संस्कार संस्कृति (जन्मदेखि मृत्युसम्म) र चाडपर्वसँग अभिन्न रूपमा जोडिएको छ । नेवा गुठीको विशिष्टता यस अर्थमा भिन्न र फरक छ । गुठी विधेयक प्राधिकरण निर्माण गरी परिचालन गर्ने भनिदा नेवार समुदायको सिंगो सामाजिक तथा सांस्कृतिक जीवनमाथि अतिक्रमण हुन जाने निश्चित नै देखियो । यस सन्दर्भमा नेवार समुदायको विरोध जायज र न्यायपूर्ण छ । नेवा गुठीको नियमनको अधिकार नेवारहरूलाई नै दिनुभन्दा अर्को विकल्प पनि छैन ।

तर राजामहाराजा, बिर्ता तथा अन्य गुठीहरूको जग्गामा 'जसको जोत उसको पोत' कायम गरिनु पर्छ । त्यो जोताहा गरिखाने जनतामा हस्तान्तरण हुनु पर्छ । तराइमा रहेका र कतिपय पहाडमा रहेका यी गुठीहरूमा मोहियानी हकमात्र पर्याप्त छैन र देखिदैन पनि । तर यो प्रक्रियासँगै वर्तमान पुँजीवादी दलाल व्यवस्थाका कारणबाट सिर्जित अर्को समस्या के पनि हो भने दोस्रो वर्गका यी गुठीका जमिनहरू सरकारले प्राधीकरणक नाममा ल्याएर भूमाफियाका हातमा सुम्पदै छैन भन्ने के ग्यारेन्टी ? ठीक यहीनेर जनता आतंकित र सशंकित हुन पुगेका छन् । गुठी विधेयक दर्तासँगै जग्गा दलाल तथा भूमाफियाहरू निकै हँसमुखका साथ सल्बलाएका छन् । यस्तो अवस्थामा सम्बन्धित पक्ष र जनतासँग एकरत्ति पनि रायसुझाव नलिई सरकारले भूमाफियाको पक्षमा जे निर्णय लिन थाल्नेछ, त्यो सरकारकै लागि प्रत्युत्पादक हुन जाने छ । विधायिकामा पेश भइसकेको गुठी विधेयक मन्त्रीबाट फिर्ता लिन लगाएर देखाइएको ओली सरकारको नाटकभित्र नेवा गुठीसंग सम्बन्धित सामाजिक सांस्कृतिक अतिक्रमण तथा अन्य गुठीका जमीनमा भूमाफियाहरूको लामा नंग्रा र तीखा आँखाहरूको कालो चलखेल लुकेको प्रष्ट देखिन्छ ।



परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# गुठी विधेयक र सडक आन्दोलन



● सीताराम तामाङ ●

१) गुठी के हो ? गुठी सम्बन्धित विधेयक संघीय संसदमा पेश भएपछि काठमाण्डौंको सडकदेखि संदनसम्मलाई तातायो । यो गुठी सम्बन्धी विधेयकले भैरहेको गुठी व्यवस्थापनलाई प्राधिकरण गठन गरी त्यसको स्वामित्वमा लैजाने र केही निश्चित व्यक्तिहरूको जिम्मामा सुम्पने षड्यत्रको गन्ध आएकोले त्यससँग सम्बन्धित पक्षहरूद्वारा उक्त षड्न्त्रका विरुद्ध संघर्ष उठाइयो । त्यो संघर्षले उपत्यकाको नेवार गुठीयारहरूको मात्र नभई देशका प्रबुद्ध वर्ग, नगरिक समाज, संघ संगठनहरू र राजनीतिक पार्टीहरूको समेत ध्यान खिच्न सक्यो । उपत्यकाको नेवार कम्युनिटि सडक संघर्षमा यति ठूलो संख्यामा ओर्लिएको यो अपूर्व घटना हुनसक्छ । आन्दोलनले समर्थन गर्ने सबैको सहयोग पायो । काठमाण्डौंमा जन संघर्षको आँधी उठेको देखेर सरकारले तत्काल संसदबाट विधेयक फिर्ता लिएकोछ, तर संघर्षले माग गरेको अनुसारको खारेजी गरिएको छैन । जेहोस, दुई तिहाईको दम्भ बोकेको ओली सरकार, जो फासिवादको बाटोमा अग्रसर छ, कम्युनिटिको संघर्षबाट नराम्ररी झस्किएको छ ।

तर गुठी र गुठी जमिन भनेको फरक चिज हो । गुठी सामान्यतः सबैजाति, जात, थरका आधारमा खाखिएका छन् वा हुन्छन् तर गुठी जमिन सबै गुठीको छैन । पहिले पहिले मठ मंदिर गुम्बामा पुजाआजा चलाउन, स्कुल, कलेज र अस्पताल, जात्रामात्रा चलाउन जमिन गुठी राख्ने चलन थियो, अन्य श्रोत थिएन । काठमाण्डौं उपत्यकामा लिच्छविकाल देखि नै नेवार समुदायले गोष्ठीको चलन चलाएको देखिन्छ । अहिले कतिपय गुठीहरू लोप भइसकेका छन्, ती गुठीका जमिन व्यक्तिहरूको नाममा गईसकेका छन् , तर जात्रा चलाउने र मुर्दा गुठी भने कायमै देखिन्छन् । यस प्रकारका गरठीहरू अन्य जाति वा समुदायले पनि चलाउने गरेकाछन् । २००७ सालमा गुठी जमिन ४ प्रतिशत थियो, २०१६ सालमा विर्ता उन्मूलन पछि र २०२१ सालमा भूमि सुधार पछि यो ७ प्रतिशतमा पुग्यो । कारण के थियो भने विर्तावाल र जमिनदार-सामन्तहरूले किसानलाई वितरण गर्नु गराउनु भन्दा आफ्नै नियन्त्रणमा जमिन रहने गरी ग्रामिण क्षेत्रमा निजी गुठी राख्ने काम गरिएको तथ्यांक छ । यसरी हेर्दा आज तीन किसिमको गुठी देखिन्छ : क) राजगुठी, ख) सार्बजनिक गुठी, र, ग) निजी गुठी । सरकारले उक्त गुठीहरूलाई ब्यवस्थापन गर्नुका साथै गुठीको एकीकृत विकास गर्न राष्ट्रिय गुठी प्राधिकरणको (२०७५) स्थापना गर्नलाई विधेयक पेश गरिएको बताइएको थियो । राजगुठी र सार्वजनिक गुठी पहिले देखि गुठी ऐन अन्तर्गत आइसकेका थिए । नयाँ विधेयकको धारा ४ (च) ले "निजी गुठीलाई सार्वजनिक गुठीमा परिणत गरी यस ऐन वमोजिम संचालन गर्ने, गराउने" र धारा ६४(४)ले "निजी गुठी सार्वजनिक गुठीमा परिणत भईसके पछि गुठीयारको सम्पूर्ण हक समाप्त भई प्राधिकरणको हक हुनेछ" भनेकोछ । नेवार समुदायको आपत्ति निजि गुठी सम्बन्धी दफाहरूमा केन्द्रित देखिन्छ ।

२) मन्दिर सामन्त र किसान मोही । गुठी संस्थानको २०६५ को प्रतिवेदनमा राजगुठीको जग्गा पहाडमा ५,६१,९९० रापनी र तराई-मधेसमा ६६,३३० विघा जमिन छ । सार्वजनिक गुठीको जग्गा पनि धेरै रहेको हुनु पर्दछ । काठमाण्डौंको पशुपतिनाथ, जनकपुरको जानकी र प्युठानको स्वर्गद्धारी मंदिरसँग धेरै जग्गा छन् । उक्त दुवै प्रकारको गुठीकोजमिन मोहीले नै कमाउने हुन । २०२९ सालदेखि गुठीमा मोहीयानी दिने र २०३३ देखि गुठी रैतानीको ब्यवस्था भएपछि केही मोहीले जग्गा पाए । तर मोही व्यवस्था खारेजी भए पछि पनि ती गुठीका जग्गाहरू मोहीले नै जोतिआएका छन् तर उनीहरूमा जोत-भोगको स्वामित्व प्राप्त छैन । गुठी चलाउने मंदिरका मठाधिसहरूले धेरै जमिनको दुरूपयोग गर्ने गरेका छन् र दलाल तथा भूमाफियाहरूले फाइदा उठाएका छन् । मोही अर्ध-दासकै रूपमा छन् । यो विधेयकले गुठी जमिन जोत्ने मोहीको मागलाई संवोधन गरेको छैन । यो विधेयकले मंदिर र गुठीयारकै पक्षपोषण गरेको छ । तसर्थ अहिलेको मुख्य प्रश्न गुठी जमिनमा भएको शोषणको अन्त्य गर्नु हो र गरठी जमिनको प्रभावकारी उपयोग गरेर रोजगारी सिर्जना गर्ने र उत्पादन बढाउने हो । गुठीलाई कुनै पनि नाममा या वहानामा जस्ताको तस्तै राखिनु हुँदैन । राजगुठी होस या सार्वजनिक गुठीहोस वा निजी गुठीहोस, जग्गाजमिन भएका सबै गुठीहरूको जमिन जोताहाले न्यायसंगत ढंगले पाउनु पछ । गुठीको नाममा मठाधिस, दलाल र भूमाफिया मोटाउने विधेयकको विरोध गरिनु पर्दछ भने जग्गा जमिन नभएको निजी गुठीहरूलाई पनि असर पार्ने हिसाबले, परम्परागत जात्राहरू बन्द गर्ने हिसाबले या गुठी जग्गा हरण गर्न मिल्ने हिसाबले विधेयक आउँछ वा कानुन बनाइन्छ भने त्यसको डटेर विरोध गरिनु पर्दछ र नेवार कम्युनिटिले त्यो काम गरेकाछन् । अव गुठीलाई धार्मिक-सामन्तको रूपमा राख्नु भनेको असान्दर्भिक मात्रै नभएर अनावश्यक बोझ पनि हो । चेतना भया ! (२०७६।०३।०८)

srtamang@gmail.com

# मार्क्सवाद र समाज विकासमा प्रविधिको भूमिका



● क. वसन्त

मानिस एउटा चेतनशील प्राणी हो । उसले आफ्नो भौतिक आवश्यकता पूरा गर्न श्रम गर्ने गर्दछ । कुनै पनि मानिसको ज्ञान तथा सिप र औजारको सामाजिक व्यवहारमा हुने प्रयोगको समग्रता नै उसको श्रम हो । मार्क्सवादले समाज विकासको आधार श्रम हो र यसैले नै मानिसलाई जनावरभन्दा अलग गराएको हो भन्ने मान्दछ । समाजमा मानिसका आवश्यकता बढिरहन्छन् त्यसकारण नयाँ-नयाँ आवश्यकतालाई पूरा गर्नका लागि उसले आफ्नो ज्ञान, सिप तथा श्रमका औजारको विकास गरिराख्नु पर्दछ । यो सबै उसले सामाजिक व्यवहार मार्फत गर्ने गर्दछ । राजनीतिक अर्थशास्त्रको भाषामा मानवीय श्रम र श्रमका औजारको समग्रतालाई उत्पादक शक्ति भनिन्छ । मार्क्सवादअनुसार यही उत्पादक शक्ति नै मानव समाजको चालक शक्ति हो ।

जङ्गली युगको सुरुतिर मानिस प्राकृतिक जीवन बाँच्दथ्यो र शरीरका अङ्ग नै उसका श्रमका औजार हुन्थे । बाँच्नका लागि सङ्घर्ष गर्ने क्रममा उसलाई आफ्ना प्राकृतिक औजारले मात्र नपुग्ने भयो । यही आवश्यकताका कारण मानिसले सुरुमा धनुषवाणको विकास गऱ्यो, आगो पत्ता लगायो, फलामको धाउ खार्ने प्रविधिको विकास गरेर फलामको आविष्कार गऱ्यो, फलामका औजार बने । मानिसको आवश्यकता र समाजको विकाससँगै प्रविधि र श्रमका औजार पनि विकास हुँदै गए, यो क्रम आजसम्म पनि जारी छ र भोलि पनि यो रोकिने छैन । मानिसले श्रमका औजार अर्थात् प्रविधिको विकास गर्दैनथ्यो भने शायद आजसम्म पनि उ जङ्गलमै कन्दमुल खाएर बस्थ्यो वा उसको भौतिक अस्तित्व नै समाप्त हुन्थ्यो । यो विकास वस्तुतः आवश्यकता तथा स्वतन्त्रता अर्थात् पदार्थ तथा चेतनाका बीचको द्वन्द्वात्मक एकत्वको अभिव्यक्ति हो ।

ज्ञान तथा औजार बारे माओले भन्नु भएको छ, "मानिसको ज्ञान व्यवहारबाट सुरु हुन्छ । हामीले बन्चरो र मेसिनलाई संसार बदल्न प्रयोग गर्छौं, र यसरी हाम्रो ज्ञान गहिरिन्छ । औजार भनेका मानिसका अङ्गका विस्तार हुन् । बन्चरो हाम्रा पाखुराहरूको विस्तार हो जव कि दुरदर्शक यन्त्र हाम्रो आँखाको विस्तार हो । मानव शरीर तथा अङ्गहरू सबैलाई विस्तार गर्न सकिन्छ ।" ज्ञान तथा श्रमका औजारबारे मार्क्सवादी दृष्टिकोण यही हो । यसरी ज्ञान तथा श्रमका औजारको विकास अर्थात् प्रविधिको विकास भनेको अन्ततः मानिसको श्रमगर्ने क्षमताको विकास हो अथवा उत्पादक शक्तिको विकास हो । यसरी नै लेनिनले भन्नु भएको छ, "आधुनिक प्रविधिको विधिद्वारा हुने प्राकृतिक श्रोत-साधनको विकासले उत्पादक शक्तिको अभूतपूर्व प्रगति गर्ने आधार निर्माण गर्नेछ ।" माथिका उद्धरणबाट के स्पष्ट हुन्छ भने मानव समाजको विकासको आधार नै उत्पादक शक्तिको विकास हो । यो उत्पादक शक्ति मानव चेतना, विज्ञान र प्रविधिको विकासको अनन्तः प्रक्रिया हुँदै अगाडि बढ्छ । यसमा मानिसको भूमिका निर्णायक हुन्छ ।

उत्पादनको प्रक्रियामा औजारको विकास युग परिवर्तनका लागि एउटा मूल कारण बनेको थियो भन्ने कुरा एङ्गेल्सले 'परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति' भन्ने उहाँको प्रसिद्ध कृतिमा उल्लेख गर्नु भएको छ । उहाँका अनुसार जङ्गली युगमा प्राकृतिक जीवनबाट मानिसले गरेको धनुवाणको विकास वर्वर युगमा प्रवेशका लागि एउटा कोशेढुङ्गा थियो । त्यसरी नै फलामका धाउबाट फलाम खार्ने प्रविधिको आविष्कारले तात्कालीन मानव समाजलाई बर्बर युगबाट सभ्य युगमा प्रवेश गर्ने ढोका खोलेको थियो । विज्ञान तथा प्रविधि र मानव समाजको विकासको अन्तर-सम्बन्धका बारे ऐतिहासिक भौतिकवादी दृष्टिकोण यही हो ।

समय बित्दै जाँदा उत्पादक शक्तिको विकास हुँदै गयो र उत्पादनमा पनि बृद्धि हुँदै गयो । यसले उत्पादनमा बृद्धि मात्र गरेन त्यसले वचतमाथि कसको अधिकार हुने भन्ने स्वामित्वको प्रश्न पनि अगाडि लिएर आयो । त्यो वस्तुतः उत्पादक शक्ति र उत्पादन सम्बन्धका बीचको अन्तरविरोधको स्वाभाविक अभिव्यक्ति थियो । यही अन्तरविरोधलाई मार्क्सवादले मानव समाजको चालक शक्ति हो भन्ने मान्दछ । यो अन्तरविरोध दुश्मनीपूर्ण स्थितिमा पुगेपछि पुरानो उत्पादन सम्बन्ध बदलिन्छ र त्यसले समाजलाई नयाँ ठाउँमा पुऱ्याउँछ । यही नै समाजको विकास प्रक्रिया हो । यसबारे मार्क्स भन्नु हुन्छ, "विकासको खास चरणमा पुगेपछि समाजका भौतिक उत्पादक शक्तिहरू तात्कालीन उत्पादन सम्बन्धसँग टक्कराउँछन् । ती सम्बन्ध उत्पादक शक्तिहरूको विकासअनुरूप नरहेर तिनका लागि बाधक बन्न जान्छन् । अनि सामाजिक क्रान्तिको युग सुरु हुन्छ । आर्थिक आधारमा हुने परिवर्तनले ढिलो-चाँडो सम्पूर्ण उपरी संरचनालाई नै बदलिदिन्छन् ।" समाज विकासबारे मार्क्सवादी दृष्टिकोण यही हो ।

इतिहासको लामो प्रक्रियामा, मानव समाज विभिन्न चरण हुँदै अगाडि बढेको छ । विगतमा ठीक यही प्रक्रिया मार्फत् आदिम समाजको गर्भबाट दास-स्वामी समाज, दास-स्वामी समाजको गर्भबाट सामन्ती समाज र सामन्ती समाजको गर्भबाट पुँजीवादी समाजको विकासहुँदै आएको हो । पुँजीवादी समाजको गर्भबाट वैज्ञानिक समाजवादहुँदै साम्यवादी समाजको विकास हुने वस्तुगत प्रक्रिया पनि यही नै हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले हामीलाई यही सिकाएको छ ।

यद्यपि समाज विकासको तात्कालिक दृष्टिले आदिम समाजमा धनुवाण र फलाम खार्ने प्रविधिको आविष्कार पनि कम महत्वका थिएनन् तर आधुनिक समाजमा औद्योगिक क्रान्तिको गणना भने वाष्प इन्जिनको आविष्कारबाट सुरु गरिएको छ । वाष्प इन्जिनको आविष्कारलाई पहिलो औद्योगिक क्रान्तिको आधार थियो भन्ने मानिन्छ । त्यस्तै, विद्युत तथा स्टिलको आविष्कार, कम्प्युटर प्रविधिको विकास र हालमा आएर विज्ञान तथा प्रविधिले गरेको यन्त्रमानव प्रविधि (Robotics) र कृत्रिम प्रज्ञा (Artificial Intelligence) सम्मको विकासलाई वैज्ञानिकले क्रमशः दोस्रो, तेस्रो र चौथो औद्योगिक क्रान्तिका आधार हुन् भन्ने मान्दछन् । पहिलेका औद्योगिक क्रान्तिले पनि सुरुमा मजदुरका श्रम खोसेका थिए भन्ने बहस सिर्जना नगरेको होइनन् । तर, त्यो बहसको क्षेत्र आजको सापेक्षतामा निकै साँगुरो थियो । आज, मूख्यतः चौथो औद्योगिक क्रान्तिपछि यन्त्र मानव र कृत्रिम प्रज्ञाको विकासले बहसको क्षेत्रलाई निकै व्यापक गरिदिएको छ । हिजोसम्म असम्भव मानिएका विषय आज सम्भव भएको कुरा व्यवहारले नै पुष्टि गरिसकेको छ ।

चौथो औद्योगिक क्रान्तिको प्रक्रियामा भएको प्रविधिको विकास कुनै एउटा क्षेत्रमा मात्र सिमित छैन । यो बहुआयामिक रहेको छ । यसमा त्रि-आयामिक मुद्रण (3D-Printing), कृत्रिम प्रज्ञा (Artificial Intelligence), यन्त्रमानव प्रविधी (Robotics), नेनो प्रविधि (Nano Technology), स्वचालित जहाज तथा गाडीहरू (Autonomous drones and vehicles), जैविक प्रविधि (Biotechnology), स्नायु प्रविधि (Neuro-technology) लगायतका व्यापक क्षेत्रहरू समेटिएका छन् । विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको यो बहुआयामिक विकासले मानव समाजमा गहिरो असर देखाई सकेको छ । त्यसका केही प्रमूख पक्षलाई उदाहरण सहित निम्नानुसार उल्लेख गरिएको छ ।

हङ्कङ्गबाट प्रकासित भएको एउटा अनलाइन पत्रिकाले "१२ प्रकारका चिनियाँ रोबोटले हाम्रा दैनिक कामहरू खोस्दै छन्"४ भन्ने शीर्षकमा एउटा समाचार प्रकासित गरेको थियो । त्यसमा लेखिएको छः एक, "चीनको एउटा औद्योगिक फर्मले प्रतिदिन २,००,००० वटा प्याकेज तयार पार्न रोबोटहरूलाई प्रयोग गरेर मजदुरहरूको ज्याला बापतको खर्च आधाले घटायो" । दुई, "चीनको हेबेईमा अवस्थित कियोजी (Qiaoxi) नामको अदालतमा मानिसहरूलाई स्वागत गर्न रोबोटहरू राखिएका छन्, ती रोबोटले अदालतको कार्यविधि बारे जानकारी गराउन र कानुनी सल्लाह पनि दिन सक्छन्" । तीन, "चीनको हतियार कारखानाका एक-चौथाई काम रोबोटहरूले गर्दछन्" । चार, "आइदाम (Aidam) नाम दिइएको एउटा रोबोटले चीनको एउटा कलेजको प्रवेश परीक्षामा १० मिनेट भन्दा कम समयमा १५० पूर्णांकमा १३४ अङ्क प्राप्त गरेको छ" । पाँच, "एउटा चिनियाँ रोबोटले एकजना बेरामी मानिसको मुखमा मानवीय सहयोगबिना नै एउटा कृत्रिम दाँत फिट गरिदिएको छ" । छ, "गत नोभेम्बर २०१७ मा जिओयी (Xiaoyi) नामको रोबोटले चीनमा मेडिकल लाइसेन्सका लागि लिइएको परीक्षा उत्तीर्ण गरेको छ" । सात, "चीनको एउटा कर्मचारी नै नभएको पकौडा कारखानामा २४ सै घण्टा सबै काम रोबोटले ...बाँकी ७ पेजमा

# दलाल पुँजीवादको केही विकास भयो भन्दैमा क्रान्तिको आधारभूत चरण नै बदलियो भन्नु गलत हो



❑ सीपी गजुरेल 'गौरव'

- चैत्र २४ गते देजमोको प्रथम राष्ट्रिय सम्मेलनको अवसरमा काठमाडौंमा आयोजित विशाल जनप्रदर्शन र जनसभाको कार्यक्रम यति प्रभावकारी साबित भयो कि यसले नेपालको राजनीतिलाई एउटा नयाँ र अग्रगामी कोर्सतिर अगाडि बढाउने ऐतिहासिक भूमिका खेल्न सफल भयो
- सन्तुलन क्रान्तिकारीको पक्षमा आएपछि देजमोको भूमिकामा पनि परिवर्तन आवश्यक हुन्छ । देजमोको भूमिका संघर्षको साधनका साथै सत्ताको साधनको पनि हुन जान्छ । त्यो अवस्थामा यसले सत्ता सञ्चालन गर्ने र यसको नेतृत्वगर्ने भूमिका खेल्नु पर्ने आवश्यकता हुन्छ
- भारतीय विस्तारवादद्वारा संरक्षित नेपालको दलाल, नोकरशाही पुँजीवाद र सामन्तवादसँग नेपाली जनताको अन्तर्विरोध नै आजको नेपाली समाजको प्रधान अन्तर्विरोध हो । त्यसैगरी अन्तरर्राष्ट्रिय रूपमा पनि विभिन्न प्रकारका अन्तर्विरोध छन् । तीमध्ये साम्राज्यवाद र उत्पीडित राष्ट्रका बीचको अन्तर्विरोध नै आजको विश्व स्तरको प्रधान अन्तर्विरोध हो ।
- नयाँ जनवादी व्यवस्था सर्वहारा वर्गको नेतृत्वमा मजदुर, किसान लगायत भूमिहीन किसानदेखि निम्न धनी किसान र मजदुरदेखि राष्ट्रिय पुँजीपति वर्ग सम्मको हितगर्ने व्यवस्था हो यो । यसका साथै यसले सबै उत्पीडित वर्ग, जाति, लिंग, क्षेत्रका जनताका हितमा काम गर्दछ । यो स्थिर व्यवस्था पनि होइन । यो निरन्तर गतिमा हुन्छ । नयाँ जनवादी सत्ताले समाजावादको आधार तयार गर्दछ
- वर्गीय समाजमा वर्गहरू हुन्छन्, त्यहाँ वर्ग संघर्ष पनि अनिवार्य हुन्छ । वर्गसंघर्ष कहिले तीब्र र कहिले मन्द रूपमा चलिरहन्छ । यो नियम नेपाली समाजमा पनि लागु हुन्छ । वर्ग संघर्ष सँधै रहिरहन्छ । यसको सर्वोच्च रूप भनेको क्रान्ति हो

१. अध्यक्षज्यू, देशभक्त जनगणतान्त्रिक मोर्चा (देजमो) नेपाल स्थापना भएदेखि हालसम्मका मुख्य-मुख्य कामहरूलाई कसरी औल्याउनु हुन्छ ?

झण्डै साढे दुई वर्षको कार्यकालमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा सम्पन्न भएका कार्यक्रमका विषयमा सबिस्तार बताउनु यो सानो अन्तर्वार्तामा संभव देखिँदैन । तथापि, राष्ट्रिय स्वतन्त्रता, जनजीविका तथा जन गणतन्त्रको निम्ति यसले उल्लेखनीयरूपमा चलाएका संघर्षहरूको संक्षिप्त चर्चा गर्नु सान्दर्भिक नै हुनेछ ।

जुनबेला देजमोको गठन भएको थियो, त्यतिबेला नेपाली समाजमा प्रतिक्रियावादको बिगबिगी थियो । जनतामा व्यापक निराशा थियो, पहिलेको क्रान्तिकारी आन्दोलनको ठुलो हिस्सा पलायन भएर पश्चगामी बाटोतिर अग्रसर भएको थियो । क्रान्तिकारी आन्दोलन शिथिल भएको थियो । त्यसको नाम निशान नै मेटाइदिने योजनामा सक्रिय थिए, देशी विदेशी प्रतिक्रियावादीहरू । नव प्रतिक्रियावादीहरू झन् यस काममा पूरै शक्तिका साथ लागेका थिए ।

त्यस अवस्थामा पनि हामीले पश्चगमनविरुद्ध आवाज उठायौं, सानातिना जुलुस र कोणसभाहरू गरयौं । निर्वाचनको क्रान्तिकारी उपयोग गरयौं । नव पतिक्रियावादी कित्तामा प्रवेश गरेका पार्टीले तिनै तहका चुनाव जितेपछि बनेका सरकारहरूद्वारा गरिएका राष्ट्रघात, कर बृद्धि, महङ्गी, तस्करी, भ्रष्टाचार, किशोरीहरूको बलात्कार र हत्याकांड आदिको विरोधमा कहिले कोणसभा, कहिले अन्य भाइचारा संगठनहरूसँग सहकार्य गर्दै रातो मार्च पास, कालो मार्चपास जस्ता संघर्षका रूपहरूलाई प्रयोग गर्दै अघि बढ्यौं ।

०७५ फागुन ७ देखि २१ सम्म सञ्चालित मेचीमहाकाली जनजागरण अभियान र ती सबैको उत्कर्षका रूपमा आयोजित चैत्र २४ गते देजमोको प्रथम राष्ट्रिय सम्मेलनको अवसरमा काठमाडौंमा आयोजित विशाल जन प्रदर्शन र जनसभाको कार्यक्रम यति प्रभावकारी साबित भयो कि यसले नेपालको राजनीतिलाई एउटा नयाँ र अगगामी कोर्सतिर अगाडि बढाउने ऐतिहासिक भूमिका खेल्न सफल भयो ।.

२. देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल स्थापना गरिइनुका खास कारणहरू के के हुन् ?

दश वर्षको जनयुद्ध, ०६२/०६३ को ऐतिहासिक जन आन्दोलन, मधेश आन्दोलन, जनजाति आन्दोलन, महिला र दलित आन्दोलन आदिको परिणामस्वरूप हासिल भएका उपलब्धीहरू समाप्त पारिएर प्रतिक्रान्ति गरिएपछि त्यसले चौतर्फी रूपमा नकारात्मक प्रभाव पार्नु स्वभाविक थियो । यसलाई चिर्दै क्रान्तिकारी आन्दोलनलाई अघि बढाउनु र क्रान्तिका कार्यभारलाई पूरा गर्नु एउटा ऐतिहासिक आवश्यकता बन्न गयो । यसका निमित्त एउटा सशक्त क्रान्तिकारी संयुक्त मोर्चाको अनिवार्यता क्रान्तिकारी शक्तिले महशुस गर्‍यो । मुलतः यही ऐतिहासिक आवश्यकता पूरा गर्नका निमित्त देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको गठन भएको हो ।

३. कस्ता खालका विचार राख्ने व्यक्ति वा संगठनहरू यसमा आवद्ध हुनसक्छन् ?

देशभक्त जनगणतान्त्रिक मोर्चा भन्ने नामबाट नै स्पष्ट छ कि जनगणतन्त्रलाई स्वीकार गर्ने देशभक्तहरू वा त्यस प्रकारको नीतिलाई अघि बढाउन चाहने संगठन यसमा आवद्ध हुन सक्दछन् । यस प्रकारका संगठन बनिबनाउ रूपमा अहिले नभए पनि भविष्यमा बन्न सक्दछन् । जहाँसम्म व्यक्तिहरूको सवाल छ, त्यस प्रकारका व्यक्तिहरूको नेपाली समाजमा कुनै कमी छैन ।

४. देजमोभित्र रहेका राष्ट्रवादीदेखि क्रान्तिकारी शक्तिहरू परिचालनको विधि र प्रक्रिया कस्तो हुन्छ ?

देजमोसँग पूर्णरूपमा सहमत भएर कामगर्नेहरू यसका आफ्नै संगठनमा सम्मिलित हुन्छन् र उनीहरू जनवादी केन्द्रियताका आधारमा संगठनमा सक्रिय भएर काम गर्न सक्दछन् । आफ्नो संगठनलाई कायम राखेर संगठनले नै देजमोको सदस्यता लिएर काम गर्ने संगठनहरूका हकमा मूलतः जनवादी केन्द्रियता लागु गर्नुका साथै कतिपय विषयमा अलग ढंगले कामलाई अघि बढाउन मिल्ने व्यवस्था पनि गर्न सक्ने प्रावधान छ ।

५. देजमोलाई संघर्षको साधनका रूपमा कसरी परिभाषित गर्नुहुन्छ ?

देजमोको गठन नै नेपालमा संघीय जनगणतन्त्रको स्थापनाका लागि भएको हो । यो काम संघर्षको सञ्चालनबिना सम्भव नै छैन । त्यसकारण यसले प्रारम्भदेखि नै संघर्षको साधनको रूपमा कायम गर्दै आएको कुरा त माथि उल्लेख गरिसकिएकै छ ।

६. देजमो कुन बेलामा सत्ताको साधन हुन सक्छ ?

यतिखेर नेपाली समाजको अवस्थामाथि ध्यान दिँदा शक्ति सन्तुलनको हिसाबले प्रतिक्रियावादी शक्ति सत्तामा छ, यहि शक्ति यतिखेर बलियो देखिन्छ र क्रान्तिकारी शक्ति तुलनात्मक हिसाबले कमजोर छ । त्यसैले देजमोको यतिखेरको भूमिका संघर्ष सञ्चालन गर्ने हुन्छ । यस अर्थमा यसले संघर्षको साधनको भूमिका खेल्दछ । क्रान्तिकारी र प्रक्रियावादी शक्तिका बीचको शक्ति सन्तुलनमा निरन्तर परिवर्तन भैरहन्छ । शक्ति सन्तुलन क्रान्तिकारीको पक्षमा आएपछि देजमोको भूमिकामा पनि परिवर्तन आवश्यक हुन्छ । देजमोको भूमिका संघर्षको साधनका साथै सत्ताको साधनको पनि हुन जान्छ । त्यो अवस्थामा यसले सत्ता सञ्चालन गर्ने र यसको नेतृत्वगर्ने भूमिका खेल्नु पर्ने आवश्यकता हुन्छ ।

७. देजमोले नयाँ जनवादी गणतन्त्र स्थापनाको कार्यक्रमलाई कसरी लिन्छ ?

नेपालको अर्थ सामाजिक अवस्था अहिले पनि अर्धसामन्ती र अर्ध, नव औपनिवेशिक नै छ । यद्यपि केही क्षेत्रमा पुँजीवादी विकास भए जस्तो देखिन्छ, तर त्यो राष्ट्रिय पुँजीवाद नभएर दलाल र नोकरशाही पुँजीवाद हो । यस अवस्थामा नेपाली समाजको अग्रगामी परिवर्तन नयाँ जनवादी क्रान्तिले मात्र गर्न सक्दछ । त्यसैले नेपाली क्रान्तिको अहिलेको चरण नयाँ जनवादी नै हो । दलाल पुँजीवादको केही विकास भयो भन्दैमा क्रान्तिको आधारभूत चरण नै बदलियो भन्नु गलत हो । त्यसैले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले नेपालमा संघीय जनगणतन्त्रको स्थापनाका लागि संघर्ष गर्ने नीति अघि सारेको हो ।

८. आमूल परिवर्तनका सन्दर्भमा घरेलु तथा अन्तर्राष्ट्रिय अन्तरविरोधको पहिचान र परिचालन कसरी गर्न सकिएला ?

विद्यमान नेपाली समाजमा विभिन्न प्रकारका अन्तर्विरोधहरू कायम छन् । तीमध्ये भारतीय विस्तारवादद्वारा संरक्षित नेपालको दलाल, नोकरशाही पुँजीवाद र सामन्तवादसँग नेपाली जनताको अन्तर्विरोध नै आजको नेपाली समाजको प्रधान अन्तर्विरोध हो । त्यसैगरी अन्तर्राष्ट्रिय रूपमा पनि विभिन्न प्रकारका अन्तर्विरोध छन् । तीमध्ये साम्राज्यवाद र उत्पीडित राष्ट्रका बीचको अन्तर्विरोध नै आजको विश्व स्तरको प्रधान अन्तर्विरोध हो । नेपाली क्रान्तिले यी सबै प्रकारका प्रधान अन्तर्विरोधको समाधान गर्नेछ ।

९. नेपालमा स्थापना हुने जनवादी सत्ताको स्वरूप कस्तो होला ?

तपाईंले भन्न खोज्नु भएको नयाँ जनवादी सत्ताको स्वरूप कस्तो होला भन्ने हो जस्तो लाग्दछ । नयाँ जनवादी सत्ता कस्तो हुन्छ भन्ने विषयलाई सार्वभौमिक र विशिष्ट दुबै दृष्टिले हेर्नु पर्दछ । सर्वहारा वर्गको नेतृत्वमा मजदुर, किसान लगायत भूमिहीन किसानदेखि निम्न धनी किसान र मजदुरदेखि राष्ट्रिय पुँजीपति वर्ग सम्मको हितगर्ने व्यवस्था हो यो । यसका साथै यसले सबै उत्पीडित वर्ग, जाति, लिंग, क्षेत्रका जनताका हितमा काम गर्दछ । यो स्थिर व्यवस्था पनि होइन । यो निरन्तर गतिमा हुन्छ । नयाँ जनवादी सत्ताले समाजावादको आधार तयार गर्दछ र वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्ने मार्ग प्रशस्त गर्दछ ।

१०. जनवादी सत्ता प्राप्तिका लागि संघर्षको स्वरूप कस्तो खालको हुने आँकलन गर्नु भएको छ ? किन ?

नेपाली समाजको अर्थ सामाजिक अवस्थाको विकास, समाजमा विद्यमान् विभिन्न प्रकारका अन्तर्विरोध, विभिन्न राजनीतिक शक्तिहरूका बीचमा भएको शक्ति सन्तुलन आदि विषयहरूको सही किसिमको मुल्यांकन गरी संघर्षका विविध रूपहरूको प्रयोग गर्नु पर्ने आवश्यकता पर्दछ । ती संघर्ष वैधानिक, अबैधानिक, कानूनी, गैरकानूनी सबै प्रकारका हुन सक्दछन् । आखिरमा सत्ता हस्तान्तरणको प्रक्रियामा बल प्रयोगको भूमिका अनिवार्य हुन्छ ।

११. अब हुने क्रान्तिको सुनिश्चितता कुनकुन कुरामा निर्भर रहला ?

कुनै पनि देशमा हुने क्रान्तिको मुख्य कार्यभार त्यहाँ विद्यमान प्रधान अन्तर्विरोधको समाधान गर्नु हो । नेपाली समाजमा विद्यमान प्रधान अन्तर्विरोधको स्थितिबारे माथि उल्लेख गरि सकिएको छ । क्रान्ति सम्पन्न हुनका लागि केही आधारभूत परिस्थिति तयार हुनु पर्दछ । त्यसका निमित्त आत्मगत परिस्थिति र वस्तुगत परिस्थिति तयार हुनु पर्दछ । हाम्रो जस्तो देशमा सामान्यतया वस्तुगत परिस्थिति तयारनै भएको हुन्छ, त्यसै अनुसारको आत्मगत स्थितिको तयारी हुनु पर्दछ । यसका साथै अन्तर्राष्ट्रिय परिस्थिति पनि अनुकुल भएमा क्रान्तिको सफलताको सुनिश्चितता हुन्छ ।

१२. मार्क्सले वर्गीय समाजमा वर्गसंघर्षको संभावना जहिले पनि हुनसक्छ भन्नुभएको छ । नेपालमा तत्काल पनि वर्गसंघर्ष उठान गर्न सकिन्छ कि समयलाई पर्खनु पर्छ ?

समाजमा जब वर्गहरू हुन्छन्, त्यहाँ वर्ग संघर्ष पनि अनिवार्य हुन्छ । कहिले त्यो तीब्र हुन्छ, कहिले मन्द हुन्छ । यो नियम नेपाली समाजमा पनि लागु हुन्छ । वर्ग संघर्ष त सँधै रहिरहन्छ । यसको सर्वोच्च रूप भनेको क्रान्ति हो । त्यसकारण, वर्ग संघर्षकालागि समयलाई पर्खेर बस्ने भन्ने कुरै हुँदैन ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# कार्ल मार्क्सको द्विशतवार्षिकी

धर्तीमा खडा थियो र त्यसलाई हल्लाउने तागत कसैमा थिएन ।

त्यसैले त्यो विश्व सर्वहारावर्ग र उत्पीडित मानव जातिको मुक्तिको अपराजेय सैद्धान्तिक हतियार बन्न पुग्यो । उत्पादनका निम्ति संघर्ष, वर्गसंघर्ष तथा नयाँ वैज्ञानिक आविष्कार एवम् प्राविधिक क्षेत्रमा भएका प्रगति र विश्वका विभिन्न देशहरूमा हुँदै आएका क्रान्ति तथा प्रतिक्रान्तिका परिघटनाका सन्दर्भहरूमाथि ध्यान दिंदा आज मार्क्सवादका सामु गम्भीर प्रकृतिका चुनौतीहरू थपिन पुगेका छन् । परन्तु, त्यस प्रकारका चुनौतीहरूको सामना गर्दै क्रान्तिको धरातलीय यथार्थ तथा ऐतिहासिक आवश्यकताका बीचबाट नयाँ सम्भावनाका द्वारहरू उद्घाटन गर्ने सामर्थ्य मार्क्सवादमा नै सन्निहित छ । किनभने मार्क्सवाद सामाजिक रूपान्तरण र क्रान्तिको ऐतिहासिक विज्ञान हो ।

*मार्क्सवादका तीन संघटक अङ्ग*

मार्क्सवादका तीन संघटक अङ्ग छन् : दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद । मार्क्सले १९ औं शताब्दीमा विकसित शास्त्रीय जर्मन दर्शन, शास्त्रीय अंग्रेजी अर्थशास्त्र तथा फ्रान्सेली समाजवादको गहन अध्ययन तथा समीक्षा गर्नुभयो र तिनलाई गुणात्मक रूपमा विकास तथा संश्लेषण गरी मार्क्सवादको प्रतिपादन गर्नुभयो ।

दर्शनको फाँटमा मार्क्सले हेगेलको द्वन्द्ववाद र फायरबाखको भौतिकवादमाथि विशेष ध्यान दिनुभयो । हेगेलले द्वन्द्ववादलाई एक उत्कर्षमा पुऱ्याएका थिए, तर त्यो आदर्शवादमा आधारित थियो । फायरबाखले भौतिकवादलाई धेरै माथि उठाएका थिए, तर त्यो अधिभूतवादी तथा यान्त्रिक थियो । हेगेलको द्वन्द्ववादमा विद्यमान आदर्शवाद र फायरबाखको भौतिकवादमा विद्यमान अधिभूतवाद तथा यान्त्रिकतावादका विरुद्ध जुझ्दै ती दुवैलाई एउटै ठाउँमा संश्लेषित गरी द्वन्द्वात्मक भौतिकवादको प्रतिपादन गर्ने काम मार्क्सद्वारा सम्पन्न गरियो । द्वन्द्वात्मक भौतिकवादका आधारमा मानव समाजको ऐतिहासिक विकास प्रक्रियाबारे अध्ययन गर्दा जुन निष्कर्ष निस्कन्छ, त्यही नै ऐतिहासिक भौतिकवाद हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले दुनियाँ बुझ्ने मात्र होइन, मुख्यतः बदल्ने कुरामा जोड दिन्छ ।

मार्क्सले राजनीतिक अर्थशास्त्रको फाँटमा एडम स्मिथ र डेभिड रिकार्डोद्वारा विकसित मूल्यको श्रमसिद्धान्तबारे गहिरो अध्ययन गर्नुभयो र त्यसलाई अझै विकसित तथा समृद्ध तुल्याउनु भयो । मालको मूल्य निर्धारण त्यसमा लागेको सामाजिक श्रमद्वारा गरिन्छ भने मुनाफाको उत्पत्ति कसरी हुन्छ ? मार्क्सले यस प्रश्नको जबाफ अतिरिक्त मूल्यको सिद्धान्त प्रतिपादन गरेर दिनुभयो । मार्क्सद्वारा विकसित समाजवाद पुराना समाजवादभन्दा पृथक वैज्ञानिक समाजवाद हो । ऐतिहासिक भौतिकवाद र अतिरिक्त मूल्यको सिद्धान्तको आविष्कारको परिणाम स्वरूप वैज्ञानिक समाजवादको जन्म भएको हो । वैज्ञानिक समाजवाद वर्ग, वर्गसंघर्ष, सामाजिक क्रान्तिमा बल प्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्व र साम्यवादको सैद्धान्तिक मान्यतामा आधारित छ ।

*मार्क्सवाद-लेनिनवाद-माओवाद*

मार्क्सवाद भनेको मार्क्सीय विचार र शिक्षाको सार हो । मार्क्सवाद गतिशील छ र त्यो विकसित हुँदै आएको छ । मार्क्सवादलाई सर्वप्रथम लेनिन र त्यसपश्चात् माओले विकसित तुल्याउनु भयो । आज विश्व सर्वहारावर्ग र उत्पीडित जनसमुदायको मुक्तिको सिद्धान्तका रूपमा मार्क्सवाद-लेनिनवाद-माओवादको विकास भएको छ । लेनिनवाद साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो । लेनिनले दर्शनको फाँटमा द्वन्द्ववादलाई विपरीतहरूको एकत्वको सिद्धान्तको रूपमा परिभाषित गरी त्यसमा द्वन्द्ववादको गुदी अभिव्यक्त भएको कुरा बताउनु भयो र द्वन्द्ववादका विविध पक्षबारे सटीक विवेचना गर्नुभयो । वहाँले प्रकृति विज्ञानको क्षेत्रमा इलेक्ट्रोनको खोज भएको अवस्थामा भौतिकवादको मूल आधारका रूपमा स्थापित परमाणुसम्बन्धी मान्यता खण्डित भयो भन्दै होहल्ला मच्चाइरहेकोमा त्यस खोजले यान्त्रिक भौतिकवादको खण्डन र द्वन्द्वात्मक भौतिकवादको थप पुष्टि भएको वास्तविकतामाथि राम्रो प्रकाश पार्नुभयो ।

उहाँले आदर्शवादका साथै प्रत्यक्षवाद जस्ता मध्यवर्ती धाराका विभिन्न प्रवृत्तिको खण्डन गर्दै दार्शनिक पक्षधरतामा विशेष जोड दिनुभयो । साथै, वहाँले ज्ञानमीमांसाका क्षेत्रमा प्रतिबिम्बनको सिद्धान्तलाई विकसित तुल्याउनु भयो । लेनिनले राजनीतिक अर्थशास्त्रको क्षेत्रमा साम्राज्यवादको विशद विवेचना गर्नुभयो र त्यसलाई पुँजीवादको एकाधिकारी अवस्था बताउनु भयो । वहाँले वैज्ञानिक समाजवादको क्षेत्रमा समाजवाद तथा सर्वहारा क्रान्तिको युगमा कम्युनिस्ट पार्टीका रणनीति एवम् कार्यनीतिको विकास र सर्वहारा अधिनायकत्वको नयाँ स्वरूपका रूपमा सोभियत सत्ताको अवधारणा प्रस्तुत गर्नुभयो । लेनिनले रुसी धर्तीमा मार्क्सवादको सफल प्रयोग गर्नुभयो ।

माओवाद भनेको मार्क्सवाद-लेनिनवादको थप विकास हो । माओले दर्शनको क्षेत्रमा द्वन्द्ववादलाई अन्तरविरोधको सिद्धान्तको रूपमा विकसित तुल्याउनु भयो र विपरीतहरूको एकत्वको नियमलाई द्वन्द्ववादको आधारभूत नियम बताउँदै त्यसबारे विशद विवेचना गर्नुभयो । उहाँले पदार्थको चेतना र चेतनाको पदार्थमा रूपान्तरण सम्बन्धी ज्ञानको दुई छलाङको सिद्धान्त प्रतिपादन र सिद्धान्त तथा व्यवहारको एकता लगायतका विषयमा जोड दिंदै भौतिकवादलाई थप विकसित तुल्याउनु भयो । उहाँले राजनीतिक अर्थशास्त्रको क्षेत्रमा नोकरशाही पुँजीवादको मान्यता प्रतिपादन र समाजवादी अर्थतन्त्रका विविध पक्षबारे थप विकास गर्नुभयो । माओले वैज्ञानिक समाजवादको क्षेत्रमा नयाँ जनवाद, दीर्घकालीन जनयुद्ध, सर्वहारा अधिनायकत्वअन्तर्गत क्रान्तिको निरन्तरता, महान् सर्वहारा सांस्कृतिक क्रान्ति जस्ता सिद्धान्त प्रतिपादन गर्नुभयो ।

*मार्क्सवाद र संशोधनवाद*

मार्क्सवादको भ्रष्टीकरण र तोडमोड गर्ने चिन्तन तथा प्रवत्तिको नाम संशोधनवाद हो । दर्शनको फाँटमा संशोधनवादले द्वन्द्ववाद, भौतिकवाद र द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको विरोध गर्दछ । यसले धार्मिक रहस्यवादलाई स्वीकार्दछ । यो वर्ग, वर्गसंघर्ष, बलप्रयोगको भूमिकाको विरोधी रहेको छ । राजनीतिक अर्थशास्त्रको क्षेत्रमा यसले पुँजीवादी संकटको सिद्धान्तलाई अस्वीकार गर्दछ । समाजवादको क्षेत्रमा यो सर्वहारा अधिनायकत्वको विरोधी र पुँजीवादी संसदीय लोकतन्त्रको पक्षमा रहेको छ । मार्क्स-एङ्गेल्सले अराजकतावाद र अवसरवादसित जुझ्दै मार्क्सवादको प्रतिपादन गर्नुभयो । वहाँहरूले ब्रिटेनमा अभिजातवर्गीय मजदुर पार्टी जन्मदै गरेको कुरा बताउनु भयो । लेनिनको समयमा साम्राज्यवादको उदयसितै संशोधनवाद पनि जन्मियो । संशोधनवाद विभिन्न रूप र रंगमा पेश हुँदै आएको छ । संशोधनवाद- मूलतः तीन रूपमा प्रकट भएको छ, ती हुन्- शास्त्रीय, आधुनिक र नव संशोधनवाद । शास्त्रीय संशोधनवाद मूलतः बर्नस्टाइन तथा काउट्स्की र आधुनिक संशोधनवाद ख्रुश्चोभ तथा टिटोद्वारा प्रवर्तन गरियो । नवसंशोधनवाद भनेको मार्क्सवादको नाममा मार्क्सवादमाथि नै आक्रमण र सिर्जनात्मक विकासको नाममा मार्क्सवादको सारतत्वमाथि नै हमला गर्नु हो । संशोधनवादकै निरन्तरतामा युरो, कम्युनिज्म जन्मियो.... यसै क्रममा नव मार्क्सवाद र उत्तर-मार्क्सवाद पनि पैदा भए । संशोधनवाद मूलत दक्षिणपन्थी, मध्यपन्थी र 'वाम'पन्थी अवसरवादका रूपमा प्रकट हुँदै आएको छ । रूपमा संशोधनवाद विविध प्रकारका छन्, परन्तु, सारमा संशोधनवाद पुँजीवादी विचारधाराकै अङ्ग हो ।

*मार्क्सवाद र प्रतिक्रियावाद*

मार्क्सवादको मूल उद्देश्य प्रतिक्रियावादका विरुद्ध जनवादी क्रान्तिलाई पूर्णता दिंदै वैज्ञानिक समाजवाद र साम्यवादको स्थापना गर्नु हो । मार्क्सवाद सबैखाले प्रतिक्रियावादी व्यवस्था तथा राज्यसत्ता र विचारधाराका विरुद्ध समेत परिलक्षित रहेको छ । साथै, मार्क्सवाद निम्न पुँजीवादी तथा संशोधनवादी विचारधाराको पनि विरोधी रहेको छ । प्रतिक्रियावाद दुई किसिमको हुन्छ- पुरानो र नयाँ । पुरानो प्रतिक्रियावाद अन्तर्गत सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद, दलाल तथा नोकरशाही पुँजीवाद आउँछन् । नव प्रतिक्रियावाद संशोधनवादको पतन तथा उत्कर्षका रूपमा हुन्छ । सामाजिक साम्राज्यवाद नव प्रतिक्रियावादको एउटा रूप हो । जब संशोधनवाद प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था, अथवा भनौं दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गको राज्यसत्ता र संसदीय व्यवस्थाको रक्षाकवच बन्न पुग्दछ र साम्राज्यवादको सेवामा समर्पित हुन्छ, त्यो बेला त्यसले नव प्रतिक्रियावादको रूप ग्रहण गर्दछ । पुरानो प्रतिक्रियावादलाई चिन्न त सजिलो हुन्छ, परन्तु नव प्रतिक्रियावादलाई चिन्न भने गाह्रो हुन्छ । किनभने त्यो मार्क्सवादको दोसल्ला ओढेर पेश हुने गर्दछ । क्रान्तिका लागि पुरानो प्रतिक्रियावाद मात्र होइन, नयाँ प्रतिक्रियावादलाई पनि राम्रोसित ठम्याउन र त्यसको विरोध गर्न जरुरी हुन्छ ।

विज्ञान तथा प्रविधि र मार्क्सवाद

उत्पादक शक्ति र उत्पादन सम्बन्धको विश्लेषण गर्ने क्रममा मार्क्सले के बताउनु भएको छ भने हाते मिलले सामन्ती समाज र वाष्प मिलले पुँजीवादी समाजलाई जन्म दिन्छ । मार्क्स-एङ्गेल्सद्वारा प्रतिपादित द्वन्द्वात्मक भौतिकवादी दर्शनको विकासमा प्रकृति विज्ञानको क्षेत्रमा भएको प्रगतिले उल्लेखनीय भूमिका निर्वाह गरको थियो । त्यस सन्दर्भमा एङ्गेल्सले ऊर्जाको संरक्षण तथा रूपान्तरण, डार्विनको विकासवाद र कोसिकाको खोजजस्ता अनुसन्धानको महत्वमाथि विशेष प्रकाश पार्नुभएको छ । लेनिनले इलेक्ट्रोनको आविष्कारले द्वन्द्वात्मक भौतिकवादको थप पुष्टि भएको कुरा बताउनु भयो ।

माओले ज्ञानको उत्पत्ति र विकासको निम्ति उत्पादनको लागि संघर्ष, वर्गसंघर्ष र वैज्ञानिक प्रयोगको विशेष महत्व हुने कुरा औंल्याउनु भयो । प्रकृति विज्ञानको क्षेत्रमा भएको विकासलाई बङ्ग्याउने र त्यसैलाई द्वन्द्वात्मक भौतिकवादको विरोधमा प्रयोग गर्ने काम पनि हुँदै आएको छ । परमाणुको खोजलाई आधार बनाई कैयौं दार्शनिकहरूले एकरूप (गलषखभचकभ) विश्वका विरुद्ध बहुरूप विश्व(ःगतिषखभचकभ)को परिकल्पना गरे । क्वान्टम यान्त्रिकी र अनिश्चितताको सिद्धान्तलाई आधार बनाई कैयौंले बहुलवाद र अज्ञेयवादको पुष्टि गर्न थाले । परन्तु, आइस्टाइनको सापेक्षता तथा एकीकृत क्षेत्र जस्ता सिद्धान्तको विकास र स्टेफन हकिङ्गका पछिल्ला खोजले बहुलवाद, अज्ञेयवाद होइन, द्वन्द्वात्मक भौतिकवादी अद्वैतवादको थप पुष्टि हुन गएको छ । लेनिनले प्रकृति विज्ञानको आधारविना द्वन्द्वात्मक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादको आधारविना प्रकृति विज्ञान सही दिशामा अगाडि बढ्न नसक्ने कुरामा जोड दिनु भएको छ ।

विज्ञान तथा प्रविधिको विकासलाई आधार बनाई प्रतिक्रियावादी तथा साम्राज्यवादीहरूले आफ्नो आयु लम्ब्याउने कसरत गरिरहेका छन् । त्यसैगरी कैयौं संशोधनवादीहरूले प्रकृति विज्ञानको गलत व्याख्या तथा विकृतीकरणका पछाडि लागेर मार्क्सवादका विरुद्ध आक्रोश व्यक्त गर्दै आएका छन् । विद्युतीय तथा प्राविधिक क्रान्तिको प्रक्रियामा नयाँ मेसिनहरूको विकासले मजदुरहरूलाई विस्थापित गरेको कुरा अगाडि सार्दै अब मानिस होइन, प्रविधि नै मुख्य बन्यो भन्दै अहिले तमाम संशोधनवादीहरू चिच्याउँदै छन् । हिजो संशोधनवादीहरूले मार्क्सको श्रममा आधारित मूल्य सिद्धान्तको विरोध गरेका थिए, अहिलेका नयाँ संशोधनवादीहरू पनि त्यसैको पुनरावृत्ति गर्न गइरहेका छन् । प्रविधिको जति विकास भए पनि अन्ततः त्यसले मानिसको भूमिका निर्वाह गर्न सक्दैन, असली अर्थमा मानिसको भूमिका प्रमुख र प्रविधि गौण नै हुने कुरा स्पष्ट छ ।

क्रान्ति र प्रतिक्रान्तिको प्रश्न

सोभियत रुस, पूर्वी युरोप, चीन लगायत क्रान्ति सम्पन्न भएका देशहरूमा प्रतिक्रान्ति किन भए ? अथवा भनौं समाजवादी राज्यसत्ता किन ढल्यो ? यी र यस्तै प्रश्नहरूको जवाफ प्रतिक्रियावादी, संशोधनवादी र मार्क्सवादी तीनवटै कोणबाट दिने गरिएको छ । प्रतिक्रियावादीहरूका दृष्टिमा समाजवादी सत्ताहरू ढल्नुमा अधिनायकवाद नै मूल कारण हो । प्रतिक्रियावादीहरूको यो तर्क पूरै गलत छ । किनभने सबैखाले राज्यसत्ता अधिनायकवादी हुन्छन् । र, प्रतिक्रियावादीहरूले नै अधिनायकवादको बढी अभ्यास गर्दै आएका छन् । संशोधनवादीहरूको दृष्टिमा जनवादको अभ्यास गर्न नसक्नुकै कारण रुसमा समाजवादी राज्यसत्ता ढलेको हो । यो तर्क पनि प्रतिक्रियावादी कोणसित नै मिल्ने गर्दछ । किनभने वर्गसमाजमा जनवादको स्वरूप वर्गीय नै हुन्छ र सबैका लागि जनवाद हुनै सक्दैन । यहाँ मूल प्रश्न कुन वर्गले कुन वर्गमाथि अधिनायकवाद लागु गर्ने र कुन वर्गले कसको हितमा जनवादको अभ्यास गर्ने भन्ने हो । उक्त प्रश्नहरूको जबाफ दिने काममा मार्क्सवादी कोण नै सही तथा वस्तुवादी रहिआएको छ । मार्क्सवादी दृष्टिकोण अनुसार प्रतिक्रान्ति हुनु वा समाजवादी सत्ता ढल्नुका पछाडि मूलतः दुईवटा कारण रहेका छन्, तीन हुन् : वस्तुगत र आत्मगत कारण । यस प्रकारका वस्तुगत कारणहरू विभिन्न प्रकारका रहेका छन् ।

पहिलो, हारेको प्रतिक्रियावादी शक्ति वा पुँजीपति वर्गले आफ्नो पुरानो सत्ताको पुनः स्थापनाका लागि अत्यन्तै ठूलो कसरत गर्दछ । दोस्रो, समाजवादी समाजमा लामो समयसम्म लघु उत्पादन कायम रहेको हुन्छ र त्यसले पुँजीवादको पुनः स्थापनाका लागि आधार तथा स्रोतको काम गर्दछ । तेस्रो, बाह्य शक्ति अथवा भनौं साम्राज्यवादले समाजवादी समाज फाल्नका लागि सम्बन्धित देशभित्रका प्रतिक्रियावादीहरूलाई सहयोग पुऱ्याइरहेको हुन्छ । चौथो, सम्बन्धित देशको कम्युनिस्ट पार्टीभित्र बाह्य घुसपैठ हुने, त्यस कम्युनिस्ट पार्टीकै आन्तरिक पंक्तिमा संशोधनवाद जन्मिने र त्यस संशोधनवादले साम्राज्यवादसित गठबन्धन कायम गर्ने काम हुन्छन् । पाँचौं, क्रान्तिकारी र प्रतिक्रान्तिकारी शक्तिहरूका बीचको संघर्षमा क्रान्तिकारीहरू कमजोर तथा प्रतिक्रान्तिकारीहरू प्रबल बन्न गई शक्ति सन्तुलनमा हेरफेर हुन सक्छ ।

साथै, यस सन्दर्भमा कैयौं आत्मगत कारणले पनि काम गरेका छन् । पहिलो त, समाजवादी समाजमा विद्यमान उत्पादक शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचना तथा दुई परस्पर विरोधी वर्गका बीच दीर्घकालीन अन्तरविरोधलाई सही ढंगले पहिचान तथा परिचालन गर्नेतर्फ आवश्यक नदिएर पनि स्थिति बिग्रन सक्छ । दोस्रो, उक्त अन्तरविरोधहरूको पहिचान गरेर मात्र हुँदैन, तिनको समाधान गर्ने दिशामा पनि उपयुक्त पाइला चाल्न नसकेर पनि दुर्घटना हुने गर्दछ । तेस्रो, क्रान्तिकारी शक्तिलाई राम्रोसित संगठित गर्ने र प्रतिक्रान्तिकारी शक्तिलाई कमजोर पार्नेतर्फ ठोस तथा उपयुक्त कदम चाल्न नसक्नुले पनि त्यसो हुन पुग्दछ ।

प्रतिक्रान्तिका आधार र कारणबारे मार्क्स-एङ्गेल्सले केही संकेत गर्नुभएको थियो र सर्वहारावर्गको अधिनायकत्वको भूमिकामा जोड दिनु भएको थियो । लेनिनले रुसमा प्रतिक्रान्तिका सम्भावनाका विविध कारणबारे स्पष्ट भाषामा औल्याउनु भएको थियो । माओले मार्क्स-एङ्गेल्सका संकेत, लेनिनका निर्देशन र रुसमा स्टालिनकालमा भएका कमी कमजोरीहरू माथि विशेष ध्यान दिदै चीनमा सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्तिको निरन्तरताको सिद्धान्त प्रतिपादन गरी महान् सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गर्नुभएको थियो । परन्तु, अपेक्षित सफलता प्राप्त हुन सकेन । माओले लेनिनलाई दर्शाउँदै भन्नुभएको थियो । लेनिनवादी दृष्टिकोण अनुसार कुनै एक समाजवादी देशको आखिरी विजयका लागि के कुरा मात्रै जरुरी हुँदैन भने त्यस देशको सर्वहारा वर्ग र जनसमुदायले प्रयत्न गरून्, अपितु के कुराको पनि अपेक्षा हुन्छ भने विश्व क्रान्तिले पनि विजय प्राप्त गरोस्, पुरा पृथ्वीमाथि मानवद्वारा मानवको शोषण गर्ने व्यवस्थाको पनि ध्वंश होस्, जसबाट कि सारा मानव जाति मुक्त बनोस् । माओका यी भनाइ विशेष मननीय रहेका छन् ।

*वर्तमान विश्व, क्रान्तिका चुनौती र मार्क्सवाद*

वर्तमान विश्वका मूल विशेषता के हुन् ? क्रान्तिका लागि परिस्थिति कस्तो छ ? क्रान्तिको मार्गमा के कस्ता चुनौती र सम्भावना छन् ? यो बेला मार्क्सवादले के कस्तो भूमिका निर्वाह गर्न सक्छ र गर्नु पर्दछ ? यी हाम्रो गम्भीर चासो र विशेष महत्वका प्रश्न हुन् । आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिकै युग हो । आज विश्वमा तीन प्रकारका आधारभूत अन्तर्विरोधहरू छन्, ती हुन्- पुँजीपति वर्ग तथा सर्वहारा वर्गका बीचको अन्तर्विरोध, साम्राज्यवादी शक्तिहरू बीचको आपसी अन्तर्विरोध र साम्राज्यवाद तथा उत्पीडित राष्ट्रहरूका बीचको अन्तर्विरोध । यी अन्तर्विरोधहरूमा अहिले पनि तेस्रो तहको अन्तर्विरोध नै प्रधान अन्तर्विरोध रहिआएको छ र अहिले पनि क्रान्ति नै विश्वको मूल प्रवृत्ति हो । परन्तु, विशेषमननीय कुरा के छ भने क्रान्तिलाई सही दिशामा अगाडि बढाउनका लागि विश्व सर्वहारावर्गकै आत्मगत अवस्था यो बेला निकै कमजोर रहेको छ ।

अहिले विश्वमा भूमण्डलीकृत साम्राज्यवाद र नवउदारवादको प्रभुत्व चरम उत्कर्षमा पुगेको छ । एकाधिकारी वित्तीय पुँजी र बहुराष्ट्रिय कम्पनीहरूको हैकम तीब्र रूपमा बढ्दै गएको छ । राजनीति, अर्थतन्त्र, संस्कृति, युद्धकला, विज्ञान, प्रविधि, सूचना-सञ्चार- सबै क्षेत्रमा भूमण्डलीकृत साम्राज्यवादले कब्जा जमाएको छ । यो क्रान्तिका लागि निकै प्रतिकूलता हो । परन्तु, केही समय यता परिस्थिति विस्तारै फेरिदै छ । नवउदारवादी अर्थतन्त्र र संसदीय लोकतन्त्र आर्थिक तथा राजनीतिक दुवै दृष्टिले भयावह संकटको भुमरीमा फस्तै गइरहेका छन् र संरक्षणवाद फासिवादतर्फ उद्दत छ । नवउदारवाद र संरक्षणवाद दुवै भूमण्डलीकृत साम्राज्यवादका भिन्न पाटा हुन् र ती दुवैसित साम्राज्यवादी संकटको दीर्घकालीन समाधान तथा सामना गर्न सक्ने सामर्थ्य छैन । यो क्रान्तिका लागि अनुकूलता हो ।

परन्तु, यति हुँदाहुँदै पनि आज क्रान्तिका सामु गम्भीर चुनौती खडा भएका छन् । ती चुनौतीहरूलाई दुई भागमा वर्गीकृत गर्न सकिन्छ, ती हुन्- भौतिक चुनौती र वैचारिक चुनौती । अहिलेको भौतिक चुनौती भनेको साम्राज्यवाद समस्त सम्पदा र शक्तिका स्रोत तथा साधनहरूलाई आफ्नो कब्जामा लिन र केन्द्रीकरण गर्न समर्थ हुनु हो । त्यत्ति मात्र होइन, पुराना प्रतिक्रियावादी तथा साम्राज्यवादी शक्तिहरू जनमानसमा नाङ्गिदै गएको स्थितिमा नयाँ साम्राज्यवादी तथा प्रतिक्रियावादी शक्तिहरू पुरानोको बिंडो थाम्न लामबद्ध हुन पुगेका छन् । यो काम आज नामधारी कम्युनिस्ट तथा कथित वाम शक्तिबाट भइरहेको छ । आज प्रतिक्रियावादीहरूले वैचारिक क्षेत्रमा गम्भीर चुनौतीहरू तेर्स्याइरहेका छन् । यो काम उनीहरूले मार्क्सवाद असफल भयो भन्ने होहल्ला मच्चाएर, मार्क्सवादले प्रस्तुत गर्दै आएको वर्ग तथा वर्गसंघर्षका विरुद्ध जाति, जात, लिङ्ग, नस्ल र उत्तर मार्क्सवाद तथा पहिचानको मान्यता पेश गरेर र नयाँ तथा पुराना सबैखाले संशोधनवाद, नवमार्क्सवाद, उत्तर-आधुनिकतावादका बीच मार्क्सवादविरोधी मोर्चा बनाएर पुरा गरिरहेका छन् । यी सबै क्रान्तिका लागि गम्भीर प्रतिकूलता हुन् ।

परन्तु, मार्क्सवादले परिस्थितिको नकारात्मक मात्र होइन, सकारात्मक पाटोलाई पनि हेर्न सिकाउँछ । मार्क्सवादले हामीलाई प्रतिकूलता र अनुकूलता, चुनौती र सम्भावना तथा प्रतिक्रान्ति र क्रान्तिका बीचको द्वन्द्वात्मक सम्बन्धलाई पनि अध्ययन गर्न सिकाउँछ । मार्क्सवादी द्वन्द्ववाद आलोचनात्मक र क्रान्तिकारी दुवै रहेको छ । माओले साम्राज्यवाद र तमाम प्रतिक्रियावादीहरूको दोहोरो स्वरूपमाथि भौतिकवादी द्वन्द्ववादका आधारमा प्रकाश पार्दै भन्नुभएको थियो- साम्राज्यवाद र सबै प्रतिक्रियावादीहरूलाई सारतत्वको दृष्टिले, दीर्घकालीन दृष्टिले, रणनीतिका दृष्टिले तिनको वास्तविक स्थितिका आधारमा कागजी बाघका रूपमा नै हेर्नु पर्दछ । यसै आधारमा हामीले रणनीतिसम्बन्धी विचारहरूको निर्माण गर्नु पर्दछ । अर्कोतिर ती जिउँदा बाघ पनि हुन्, फलामका बाघ पनि, साँचा बाघ पनि हुन्, जसले मानिसलाई खान सक्तछन् ।

यसै आधारमा हामीले आफ्ना कार्यनीति र युद्धकलासम्बन्धी विचार हरूको निर्माण गुर्न पर्दछ । माओका यी भनाइहरू विशेष मननीय रहेका छन् । वर्तमान साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा प्रतिक्रान्तिका निर्धारक साम्राज्यवादी र क्रान्तिका निर्धारक शक्ति सर्वहारावर्ग हुन् । आज बाह्य रूप र तात्कालिक दृष्टिले साम्राज्यवाद बलियो र सर्वहारावर्ग कमजोर अवस्थामा छन् । परन्तु, यो क्षणिक कुरा हो । सारतत्व र दीर्घकालीन दृष्टिले साम्राज्यवाद कमजोर र सर्वहारावर्ग बलवान रहेका छन् । यो भौतिकवादी द्वन्द्ववादमा आधारित मार्क्सवादी भविष्य दृष्टि हो । यस सच्चाइलाई हामीले राम्रोसित आत्मसात् गर्नुपर्दछ । क्रान्तिका सामु उपस्थित चुनौतीहरूको सामना गर्नका लागि हामीले मार्क्सका शिक्षाहरूलाई, मार्क्सवाद-लेनिनवाद-माओवादलाई दह्रोसित पकड्नु पर्दछ । यस सन्दर्भमा ध्यान दिनुपर्ने केही मूल विषय यी हुन् :

पहिलो, मार्क्सवाद संघर्षको सिद्धान्त हो । हाम्रा सामु प्रतिक्रियावाद तथा संशोधनवादद्वारा जुन भौतिक तथा वैचारिक चुनौतीहरू खडा गरिएका छन्, तिनको सामना संघर्षकै बीचबाट गर्नुपर्दछ । हामी संघर्षका बीचबाट सिक्तै र समृद्ध बन्दै अगाडि बढ्नु पर्दछ । दोस्रो, क्रान्तिका लागि क्रान्तिकारी संगठनलाई विकसित तुल्याउनु पर्दछ । सर्वहारा वर्गको राजनीतिक संगठनका रूपमा कम्युनिस्ट पार्टीलाई क्रान्ति गर्न योग्य बनाउनु पर्दछ । कम्युनिस्ट अन्तर्राष्ट्रियको निर्माणका लागि आज विशेष पहल गर्न आवश्यक छ । तेस्रो, क्रान्तिका लागि संयुक्त मोर्चाको पनि आवश्यकता पर्दछ । आज क्रान्तिकारीहरूले विश्व तथा क्षेत्रीय दुवै स्तरमा साम्राज्यवाद तथा प्रतिक्रियावादका विरुद्ध संयुक्त मोर्चाको निर्माण गर्नु पर्दछ । चौथो, क्रान्तिका लागि पैदा हुँदै आएका नयाँ समस्याहरूको सामना गर्न, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय क्षेत्रमा हुँदै आएको विकास प्रक्रियालाई ठम्याउन र तदनुरूप रणनीति तथा कार्यनीति निर्माण गर्न विचारको क्षेत्रमा विकास गर्दै जानु पर्दछ ।

*मार्क्सवादको भविष्य*

मार्क्सवादको भविष्य समुज्ज्वल छ । किनकि त्यो विश्व सर्वहारा वर्ग र उत्पीडित जनसमुदायको मुक्तिसित जोडिएको छ । आज सर्वहारा वर्ग मात्र होइन, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमसहितका जनसमुदाय पनि सामन्तवाद, साम्राज्यवाद र विभिन्न खाले प्रतिक्रियावादको उत्पीडनको शिकार हुँदै आएका छन् । सर्वहारावर्गले उत्पीडित जात, नस्ल, जाति, लिङ्ग आदि जनसमुदायको पहिचानको सम्मान गर्नु पर्दछ र उत्पीडित जनसमुदायले पनि सर्वहारा वर्गको वर्गीय पहिचानको पक्षमा बोल्नु पर्दछ । सर्वहारावर्ग र उत्पीडित जनसमुदाय बीच बलियो एकता कायम हुनु पर्दछ । आखिर, वर्ग समाजमा सबै उत्पीडन आफ्नो सारतत्वमा वर्गीय उत्पीडनकै अभिव्यक्ति हुन् । सर्वहारावर्ग र उत्पीडित जनसमुदायको मुक्तिका लागि मार्क्सवादले नै पथप्रदर्शन गर्दछ ।

वर्तमान विश्वमा संकटग्रस्त तथा बर्बर साम्राज्यवादको विकल्प मार्क्सवाद मात्रले प्रस्तुत गर्न सक्तछ र त्यो विकल्प भनेको वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा जानु हो । साम्यवाद वस्तुतः नयाँ मानवतावाद हो । मार्क्सवाद सर्वहारावर्ग र उत्पीडित जनसमुदायको मुक्तिको सिद्धान्तका साथै क्रान्तिको विज्ञान पनि हो । विज्ञान समृद्ध हुन सक्तछ, थप विकसित हुँदै जान सक्तछ, परन्तु असफल हुन सक्तैन । द्वन्द्वात्मक भौतिकवादको पुष्टि प्रकृति विज्ञानद्वारा हुँदै आएको छ । मार्क्सवाद स्थिर रहन सक्तैन, यो गतिशील विज्ञान हो र यसले प्रयोगको माग गर्दछ । यसको विकास प्रयोगका बीचबाटै हुने गर्दछ ।

# सहज छैन अमेरिकाका लागि इरानी तेलयुद्ध

काठमाडौं । व्यापार युद्धमा होमिएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अहिले फेरि तेलयुद्ध तयारीको सेरोफेरोमा घुमिरहेका छन् । आँखाले देखेका र आफूलाई लागेका सबै कुराहरू छुन पुग्ने तर टुंगो केही पनि नलगाउने प्रवृत्तिका सिकार हुँदै आएका ट्रम्प एशियासँग व्यापार युद्ध नारे पनि मध्यपूर्वमा तेलको जोहोमा फस्न थालेका छन् ।

विहीवार अमेरिकी ड्रोन इरानी आकाशभित्र प्रवेश गरेलगत्तै इरानले उक्त मानवरहित ड्रोन खसालिदिएपछि अमेरिका-इरान तनावले नाटकीय मोड लिएको छ । यसलाई इरानको ‘ठूलो गल्ती’ बताएर अमेरिकी राष्ट्रपति ट्रम्प एरानमाथि हमलाको अन्तिम चेतावनी दिन पुगेका छन् । ट्रम्पले मानवरहित जहाज किन इरानी आकाशमा उडाइएको थियो भन्ने प्रश्नको जवाफ दिएका छैनन् । बरु एकोहोरो जुनकुनै बेला पनि इरानमाथि आक्रमण गर्न सकिने चेतावनी मात्र दोहोर्‍याइरहेका छन् । ट्रम्पले के गर्ने हुन् भन्ने कुरा विश्वास गर्न सकिएको छैन । उता इरानले भने उसको सीमाइलाका र आकाशमा दुश्मनीपूर्ण गतिविविधि जोसुकैले गरे पनि त्यो सैह्य नहुने बताएउँदै आएको छ ।

कुरा गर्दा व्यापार युद्ध, खगोल युद्ध र प्रविधिको युद्धका कुरा गरे पनि दिनदैनिकका कुरामा अमेरिका निकै अल्भिएको छ । दिनदैनिक विश्व व्यापार, पारवहन, उद्योग तथा सामान्य घरजीवनका लागि पनि चाहिने तेल अतिआवश्यक भएर खड्किएको छ । भेनेजुएलामा एकलौटी तेल दोहनका लागि निकै चक्र चलाए पनि असफल भएपछि अत्तालिएका अमेरिकी राष्ट्रपति ट्रम्प इरानमाथि खनिन पुगका छन् ।

उनका लागि दीर्घकालीन र रणनीतिक कुराहरू पूरा गर्नतिर लाग्नेभन्दा पनि रातदिन आवश्यक हुने इन्धन जुटाउने कुरा ठूलो हुन गएको छ । केही अमेरिकी उद्योगहरू इन्धन अपुगका कारणले बन्द हुन पुगेका छन् भने अरु केही बन्द हुन थालेका छन् । आफै त रक्षात्मक अवस्थामा पुगेर संरक्षणवादी नीति लिन पुगेको अमेरिका यस्तो अवस्थामा घरेलु उद्योगधन्दा धराशायी हुँदै जाँदा इन्धननको जोहो नै ठूलो कुरा बनेर आएको छ । हाल अमेरिका-भेनेजुएला सम्बन्ध बिग्रिएपछि दबाब वा संभौताका आधारमा भेनेजुएलाबाट निकासी गर्दै आएको इन्धन हाललाई कटौती हुन पुगेको छ । यो अमेरिकाका लागि इन्धनको संकटकाल सिर्जना हुनुसरह हो ।

यसैको वरिपरि रहेर अहिले अमेरिका-इरानबीच द्वन्द्वको आगो बलिरहेको छ । यो आगो हाल इरानमाथि अमेरिकी दबाब र आक्रोशमा परिणत भएको छ । मानव रहित विमान ड्रोन इरानले खसालिदिए पछि अमेरिका निकै अत्तालिन पुगेको छ । यदि अमेरिकी प्रतिपक्षका नेता तथा सिनेटरहरूले ट्रम्पलाई उनले इरानमाथि गर्न लागेको आक्रमणको अर्डर रोक्न सचेत नगराएको भए विहीवार रातमा नै अमेरिकाले इरानमाथि आक्रमण गरिसकेको हुने थियो ।

तामसी स्वभावका ट्रम्प ड्रोन खसालिएपछि इरानी अस्त्रको निशाााना र मारबाट समेत उनी आतंकित हुन पुगेका छन् । सरकार र देशले सहनै नसक्ने भन्दै इरानमाथि आक्रमण गरिहाल्ने मुडमा रहेका ट्रम्पलाई प्रतिपक्षी नेताहरूले विना ढिलाई सम्भाइबुभाइ गरेका थिए । अमेरिकी सामुद्रिक (नेभी) आरक्यू हक-४ए मानवरहित ड्रोन जमिनबाट ३४ किलोमिटर माथिको आकाशबाट खसालिएको थियो । यो उचाइमा उडान भरिरहँदा शायद अमेरिकाले इरानी हतियारको मार यति उचाइसम्म होला भनेर कल्पनासम्म गरेका थिएनन् होला । एक्कासी तुल्बुलाउन पुगेका ट्रम्पको चिच्याहटमा इरानले ‘ठुलो गल्ती’ गर्‍यो भनेर आउनुले पनि यो अमेरिकीहरूका लागि अनपेक्षित इरानी अस्त्रको मार थियो ।

ट्रम्पका अनुसार यो अनपेक्षित मात्र होइन, विश्वास नै गर्न नसकिने थियो । यो भनाइमा साचो अर्थमा ट्रम्पको आश्चर्यभाव प्रकट भएको देखिन्छ । अमेरिकीहरूका अनुसार खसालिएको ड्रोन मानवरहित भएकाले मानवीय क्षति हुन भने पाएन ।

इरानले आफूहरूले युद्ध नचाहेको तर यदि कसैले युद्ध थोपरेमा आफूहरूले नसहने र त्यसको डटेर प्रतिवाद गर्ने बताएको छ । यस अघिको दुईवटा तेल जहाजहरूमा भएको आक्रमणमा एकले अर्कालाई दोषारोपण गर्दै आएका अमेरिका-इरान अहिले युद्धको निकै नजिक पुगेका छन् ।

अमेरिकी मानवरहित विमान (ड्रोन) इरानी आकाशमा पुगेका बेला खसालिएपछि ट्रम्प विस्मित भएका थिए र इरानमाथि आक्रमणका लागि तयार रहन उनका खाडीस्थित सेनालाई आदेश दिएका थिए । हमला गर्नका लागि उनले दिन लागेका अन्तिम निर्देशनको मात्र १० मिनेट अगाडि उनी रोकिएका थिए । विपक्षी दलका नेताहरूले विना ढिलाई ट्रम्पलाई भेटेर उक्त कदम हतारमा नचाल्न सुभाव दिएका थिए





**सडकमा सवारी चलाउँदा र सडक तथा फुटपाथ प्रयोग गर्दा निम्न कुराहरूमा ध्यान राख्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ ।**

- दुई वा दुईभन्दा बिढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं ।
- सडकमा बाटो काट्नुपर्दा जेब्रा क्रसिङ, आकाशेपुल, सब-वे अथवा पेलिकन बत्ती वा कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो काटौं ।
- चोक बत्ती भएको ठाउँमा पैदलयात्री, पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती तथा सवारीचालकले सवारी साधनका लागि व्यवस्था गरिऐ हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं ।
- सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं ।
- जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौं ।
- विपरीत दिशाबाट आउने सवारी साधनको लेनमा प्रवेश नगरौं ।
- पैदलयात्रीले जान-अन्जानमा बाटो काट्न लागेको छ भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।
- निश्चित तोकिएको ठाउँ (बस स्टप तथा टेम्पो स्टप) बाट मात्र यात्रु चढाउने र ओराल्ने गरौं ।
- सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमताभन्दा बढी यात्रु/वजन नबोकौं ।

प्रमुख

**सडक डिभिजन**

चरिकोट, दोलखा

# सार्वजनिक अनुरोध

सार्वजनिक सडकमा निर्वाध रूपमा आवतजावत गर्न पाउने सबैको नैसर्गिक अधिकार हो । तसर्थ, यसको सम्बर्द्धन सम्भार एवं सुरक्षा गर्नु हामी सबैको साभा कर्तव्य हो । सडक सीमा अतिक्रमण गरी घरटहरालगायत स्थायी र अस्थायी संरचनाहरू निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै यातायात आवागमनमा बाधा पुग्ने गरी सडक सीमाभित्र निर्माण सामग्रीहरू सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिसाउने एवं फोहरमैला डम्प गर्ने आदि कार्य नगरी दिनहुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाइप लाइनहरू सम्बन्धित निकायबाट यथाशीघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिन सबै सरोकारवाला पक्षहरूसँग हार्दिक अनुरोध गरिन्छ ।

प्रमुख

**सडक डिभिजन**

तानसेन, पाल्पा


## सत्ताधारीहरु...

लोकतन्त्रकै धज्जी उडाइरहेको समेत टिप्पणी गरे ।

ओली सरकारले नवउदारवादी अर्थनीति अँगालेर साम्राज्यवादको दलाली गरेर समृद्ध नेपाल, सुखी नेपालीको नारा दिनु भनेको जनतालाई बेवकुफ बनाउनु हो भन्दै महासचिव किरणले यो सरकारले देश र जनताको कुनै पनि अपेक्षा पूरा गर्न नसक्ने दावी गरे ।

महासचिव किरणले सच्चा क्रान्तिकारीहरू एकताबद्ध हुने स्थिति बलियो बन्दै गएको चर्चा गर्दै कम्युनिस्ट आन्दोलनलाई सशक्त बनाएर नेपाली तरिकाले नै नयाँ जनवादी क्रान्ति पूरा गर्ने दिशातिर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन खासगरी क्रान्तिकारी युवाहरूले विशेष भूमिका खेल्नुपर्ने आवश्यकता पनि औल्याए ।

सम्मेलनलाई पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, जबस मोर्चाका अध्यक्ष तथा प्रतिनिधिहरूलगायतका नेताहरूले शुभकामना मन्तव्य दिएका थिए ।

## नवलपुरा...

नवलपुरको कार्यालयमा ताला लगाएपछि त्यसलाई प्रहरी हस्तक्षेप गरेर खोलेको भन्दै प्रेस चौतारी, प्रेस सेन्टर, डब्लुडब्लुजे नवलपरासी, फोनिज नवलपुर, वातावरण पत्रकार मञ्च पनि क्रान्तिकारी पत्रकार महासंघसँगै आन्दोलित भएको थियो ।

त्यसैगरी नयाँ सदस्यता खुलाएको विषयमा पारदर्शी सूचना जारी नगरेको भन्दै समय थप गर्न माग गरेपछि असार मसान्तसम्मका लागि नयाँ सदस्यताका लागि आवेदन दिन पाउने गरी समय थप भएको छ ।

नवलपुरका पेशागत पत्रकारसंगठनहरूले संयुक्त रूपमा आर्थिक पारदर्शीता लगायतका विषयहरू समेत समेटेर संयुक्त ज्ञापन पत्र बुझाए पनि सदस्यता शुल्क, नयाँ सदस्यताको लागि आवेदन दिन पाउने समय थप बाहेक अन्य विषयमा नेपाल पत्रकार महासंघ नवलपुर नबोलेको भन्दै अन्य मागलाई पनि सम्बोद्धन गर्नु पर्ने क्रान्तिकारी पत्रकार महासंघ नवलपुरका अध्यक्ष लोकनाथ पंगेनीले बताए ।

त्यस्तै प्रेस सेन्टर नवलपुरका अध्यक्ष अर्जुन अविरलले आफूहरूको माग खासै सुनुवाई नभएकोर आफूहरूले दिएको सात दिने अल्टिमेटमभित्र पनि माग पुरा नभए संघर्षमा उत्रिने बताए ।

क्रान्तिकारी पत्रकार महासंघले लगाएको ताला प्रहरी प्रशासन लगाएर तोडिएपछि पत्रकारहरू अभ्क आक्रोशित बनेका थिए ।

यसैबीच, क्रान्तिकारी पत्रकार महासंघका महासचिव रामकुमार श्रेष्ठले वक्तव्य जारी गरी माग पूरा नगर्दै लगाइएको ताला प्रशासन लगाएर तोडिएको आपत्ती जनाएका थिए । वक्तव्यमा प्रहरी लगाएर ताला खोल्नु समाधान नभएको भन्दै पत्रकारहरूको आन्तरिक मामिलामा प्रहरी हस्तक्षेप नगर्न नगराउन र उठाइएका एजेण्डाहरूको सम्बोधन गर्न चेतावानीसहित जोडदार माग गरिएको थियो ।

## हत्याको...

अनुसार असार ७ गते प्रचार प्रसार, ८ गते कोणसभा तथा घरदैलो, ९ गते मसाल जुलुस र १० गते नेपाल बन्दको कार्यक्रम राखिएको छ ।

जारी विज्ञप्तिमा भनिएको छ ‘केपी ओली नेतृत्वको सामाजिक दलाल सरकारले देशलाई भयानक भिडन्ततिर धकेल्ने र लूटको राज्य लम्ब्याउने बदनियतले मुठभेडका नाममा दैनिक निःशस्त्र कार्यकर्तालाई नियन्त्रणमा लिँदै हत्या गर्दै गरेको छ । त्यसै क्रममा असार ५ गते राजनीतिक कार्यक्रम सकेर फर्कंदै गर्दा सर्लाही लालबन्दी १ लखन्ती खोलामा हाम्रो पार्टीका सर्लाही जिल्ला इन्चार्ज कमरेड कुमार पौडेललाई सरकारले नियन्त्रणमा लिएर बर्बरतापूर्वक हत्या गरेको छ र जनता तथा आफ्नो गैरन्यायिक हत्या र अपराधमाथि पर्दा हाल्न कथित भिडन्तको कथा सार्वजनिक गरेको छ ।

पार्टी फासिवादी सरकारको त्यो दाबी खारेज गर्दछ र सबै न्यायप्रेमी नागरिक, मानव अधिकारकर्मी, सञ्चारजगत् र बौद्धिक तथा नागरिक समाजसँग निष्पक्ष छानबिनकालागि अपिल गर्दछ । वार्ताको प्रचार गर्दै राजनीतिक कार्यकर्ताहरूको हत्या गर्ने फासिवादी वली सरकारको षड्यन्त्रविरुद्ध दृढ भएर लाग्न सबै पक्षमा आह्वान पनि गर्दछ । साथै पार्टी कार्यकर्तालाई सक्रिय रक्षामा रहन पनि निर्देशन गर्दछ ।’

विज्ञप्तिको अन्त्यमा भनिएको छ, ‘पार्टी फासिवादी सरकारद्वारा हत्या गरिएका कमरेड कुमार पौडेललाई महान् सहिद घोषणा गर्दछ र क्रान्तिको प्रक्रियामा बदला लिने प्रतिबद्धता व्यक्त गर्दछ । सहिदका आफन्तजनप्रति गहिरो समवेदना प्रकट गर्दै सहिदको सपना पूरा गरिछाड्ने प्रतिबद्धता व्यक्त गर्दछ ।’

## क्रान्तिकारी युवा...

यसैबीच, लिगको पहिलो राष्ट्रिय सम्मेलनलाई लक्षित गरी सबै प्रदेश तथा जिल्लाहरूका समेत भेला तथा सम्मेलनहरू सम्पन्न गरिएको थियो । प्राप्त जानकारी अनुसार १, २, ३, ५ लगायतका प्रदेशहरूमा भेला तथा सम्मेलन सम्पन्न भएका छन् भने चितवन, बाग्लुङलगायतका जिल्लाहरूका भेला सम्पन्न भएका थिए ।

## ओलीको...

टीकापुरको घटनालाई लिएर कारावासको सजाय भोगिरहेका रेशम चौधरीलाई हस्पिटलको बेडमा १४ किलोको नेल र हतकडी लगाएर ओली राज्यआतंकको थप नमूना प्रदर्शन गरिरहेको छ ।

थारुहरूको स्वायत्तताको माग गर्दै आन्दोलन चलिरहेका बखत घटेको टीकापुर घटनामा दोषी करार गरिएका सांसद चौधरी हाल वीर अस्पतालमा मेरूदण्डसम्बन्धी उपचार गराइरहँदा १४ किलोको नेल र हतकडी लगाउनु पहिरिएर बेडमा भर्ना गरिएका छन् । ओलीको ब्राह्मणवादी नश्लवादी सरकारले चौधरीमाथि गरेको यो दुर्व्यवहार जातीभेदी र रंगभेदी रहेको छ ।

विदेशीहरूको कठपुतलीका रूपमा सरकारमा रहेको ओली सरकारको यस्तोखाले अमानवीय हर्कतले नेपाललाई जातीय हिंसातिर भड्काइरहेको देखिन्छ । विदेशीको इशारामा हुने गरेका कुमार पौडेलदेखि रेशम चौधरीसम्मका यी सबै अमानवीय तथा बर्बरतापूर्ण हर्कतहरूलले देशलाई रक्तपाततिर धकेलिरहेको सहजै महसुस हुन्छ ।

हाल कञ्चनपुर जिल्लामा टीकापुरमा घटेको तात्कालिन तिक्ततापूर्ण घटनालाई बिर्सिएर जातीय सद्भाव तथा सहकार्यका लागि स्थानीय जनताले सहभोज, सहकार्य, सांस्कृतिक आदानप्रदान, घरदैलो भेटघाट अदि मनछुने र जनताका बीचमा रहेका अन्तरविरोधहरू हल गर्ने उपायहरू अपनाइरहेका छन् । स्थानीयका अनुसार पहिलेको भन्दा जातीय विद्वेष र भावनामा परेका गहिरा घाउहरू केही निको हुँदै गइरहेका छन् ।

तर हिंसा र श्वेत आतंक नै राज्य सञ्चालनको प्रक्रिया भन्ने बुभ्केको ओली सरकारले जनताका बीचमा क्रमशः बन्दै गरेको सद्भावपूर्ण मेलमिमलाप र सहकार्य टुटाउन र देशलाई विदेशीहरूको क्रिडास्थल बनाउन सिंगो राज्यसंयन्त्र नै प्रयोग दुरुगारिरहेको छ । यस्ता मानव अधिकारसम्बन्धी जघन्य अपराधका बारेमा सम्बन्धित पक्षहरू चूप लागेर बस्नु पनि अर्को अर्थ लाग्नसक्ने जनताको टिप्पणी आउन थालेको छ ।

# सहिद क.मनोज चौधरी (थारु)

● बुद्धिराम थारु



'केही पाउनको लागि केही गुमाउनु पर्छ' भन्ने भनाइ निकै मार्मिक अथवा गहकिलो रूपमा बुझ्न आवश्यक छ । कुनै पनि कार्य वा योजना सफल तुल्याउनकै लागि त्यत्तिकै मेहनत, परिश्रम साथै लगानीको जरूरत पर्दछ । कार्य वा योजना सफल एवम् असफल के भयो भन्ने मापन, सम्पादनपश्चात् लेखाजोखा गर्दा आउने प्रतिफलमा निर्भर रहन्छ । सफल वा असफल हुनुमा के, कति, किन, कसरी, कहाँ, कसले यावत् प्रश्नको जवाफमा भर पर्दछ । यथार्थपरक वास्तविक वस्तुवादी दृष्टिकोणबाट केलाउँदै जाँदा कमजोरी एवम् सबल पक्ष के हो ? त्यहीँनेर ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । परिणाम वा नतिजा सकारात्मक भए त ठीकै हो त्यसो नहुँदा अथवा गलत परिणाम आएमा त्यसको असर विभिन्न पाटा पक्षबाट केलाएर समीक्षा गर्नुपर्ने आवश्यक हुन्छ । त्रुटी वा समस्या के हो ? कारण पत्ता लगाएर त्यसको निदान पक्षहरू के के हुन सक्छ? त्यो पनि किटान गर्न जरूरी हुन्छ । विज्ञानले पनि सिकाउँछ कि गलतबाट पाठ सिकेर अगाडि बढ्नुनै बुद्धिमानी हो । यदि गलतबाट पाठ सिक्न सकिएन भने मेहनत, परिश्रम समय लगानी व्यर्थ हुन जान्छ । त्यति मात्र कहाँ हो र ? आशा निराशामा बदलिनुको साथै मनमा कुण्ठा, हताश पैदा हुनुको साथै मानसिक विचलन हुन सक्ने सम्भावना प्रबल हुन सक्छ ।

यस जीवनी लेखनमा चर्चा गर्न खोजिएको सत्य कुरा के हो भने नेपाल र नेपाली राजनैतिक इतिहासमा विभिन्न कालखण्डमा घटेका घटनाहरू २००७ साल, २०३६ साल र २०४६ सालमा विभिन्नखाले सङ्घर्षमा सामेल भए परिवर्तनका खातिर । त्यतिबेला मात्र नपुगेर २०५२ साल फागुन १ गतेदेखि महान् जनयुद्धको थालनी भयो नेपाल र नेपाली जनताकै प्रगति र समृद्धिका निम्ति । हजारौँ हजार नेपाली जनता महान् ऐतिहासिक जनयुद्धको अभियानमा लामबद्ध भए । साम्राज्यवाद तथा विस्तारवादको बैशाखीमा अडिएको २४० बर्षे एकात्मक हिन्दू ब्राह्मणवादी सामन्ती राजतन्त्र फाल्नका लागि हजारौँको संख्यामा नेपाल आमाका वीर छोराछोरीले देशमा परिवर्तनकै निम्ति प्राणको बली चढाए । रगत र आँसुको भेल बग्यो । दश वर्षे महान् ऐतिहासिक जनयुद्धमा । हजारौँको सङ्ख्यामा सहिद, बेपत्ता, घाइते, घरबारविहीन हुन बाध्य पारियो आमूल परिवर्तनको खातिर । जनतालाई सामन्तवादबाट मुक्त पार्दै 'नौलो जनवाद'को परिकल्पना गरिएको थियो । त्यहीअनुसार नयाँ जनवादी सत्ताको अभ्यास पनि अधिकांश ग्रामीण भूगोलमा सञ्चालन गर्न सफल भएको थियो । नयाँ जनवादी राज्य सत्तामा सबैखाले उत्पीडन (वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक)बाट मुक्त हुनको साथै सबै जनताको कम्तीमा गास, बास, कपास, स्वास्थ्य, शिक्षा एवम् सुरक्षाको ग्यारेण्टी हुनुको अलावा हाम्रो देश नेपाल स्वाधीन हुनुपर्छ भन्ने नीति एवम् सिद्धान्त अवलम्बन गरिएको र सोहीअनुसार ने.क.पा.(माओवादी) पार्टीको कार्यदिशा पनि तय भएको थियो ।

महान् ऐतिहासिक जनयुद्धको महान् अभियानमा पार्टी र सङ्गठनको उच्च हैसियतको वैकल्पिक पोलिटब्यूरो सदस्य क. बासु (सुरेश वाग्ले) देखि लिएर पार्टी सङ्गठनको जिल्ला, इलाका, गाउँटोल तहसम्मका कार्यकर्ता मात्र नभई सर्वसाधारण जनता पनि रगत बगाउन अछुतो रहेनन् । हली, गोठाला, घाँस काट्ने, बटुवा मानौँ शतप्रतिशत जनता शासक वर्गबाट प्रताडित भए । शासक वर्ग चुर्लुम्म रगतको आहालमा डुबेको भनेर भन्दा पनि बेस होला । देश चौतर्फी आक्रान्त बनेको थियो । सङ्घर्ष निकै उत्कर्षमा पुगिसकेको थियो । नेपाली जनता फटाफट सङ्घर्षको भट्टीमा होमिन बाध्य पारिएको थियो । त्यसबखत शासक वर्गको मेरूदण्ड शाही सेना पनि हायलकायल भएर आफ्नै ब्यारेकमा जबरदस्त रूपमा कैद भएको अवस्था थियो । यी सब महान् वीर शहीदहरूको अमूल्य जीवनको बलिदानी वा कुर्बानीको राप र तापबाट सृजित अवस्था थियो । शासक वर्ग हरेक तबरबाट नाकाम सिद्ध भैसकेको अवस्था थियो, भीमकाय एवम् कहाली लाग्दो दश वर्षे महान् ऐतिहासिक जनयुद्धमा । ती महान् वीर ज्ञात, अज्ञात सहिदप्रति १ मिनेट भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछौँ । महान् वीर विरङ्गना सहिदकै महान् त्याग एवम् बलिदानीपूर्ण भावबाट नै राजतन्त्र नामको सामन्तवादको अन्त्य अथवा दश वर्षे जनयुद्धको जगमा २०६२ र ०६३ को आमजनविद्रोहबाट भएको कुरा पुष्टि हुन्छ ।

महान् दशवर्षे ऐतिहासिक जनयुद्ध भनौँ या वर्गीय, जातिय, क्षेत्रीय, लिङ्गीय साथै राष्ट्रिय मुक्ति आन्दोलनमा हजारौँको सङ्ख्यामा यो मातृभूमिमा सहिदको कोटा चुक्ता गर्ने क्रममा चितवन जिल्लाको क्रान्तिकारी उर्बरभूमिमा आफ्नो प्राण उत्सर्ग गर्ने एक वीर लालयोद्धा कमरेड मनोज चौधरी (थारू) पनि इतिहासको पानामा सुनौला अक्षरले लेखिएको छ । क. मनोज वर्गदुश्मन शाही सत्ताको खम्बा मानिएको शाही सेनासँगको टकरावमा भौतिक शरीर गुम्न पुग्यो । उहाँ बर्गदुश्मनमाथि कति पनि विनाहिचकिचाहटमा जाइलाग्नु भयो क्रान्तिको वर्गीय भट्टीमा निखारपन ल्याउनुको साथै अझ राप र ताप दिनको लागि उर्जा थप्ने काम गर्नु भयो ।

क. मनोज चौधरी (थारू) को बारेमा उल्लेख गर्नुपर्दा बुवा भरत कुमार चौधरीको जेठी श्रीमती आमा जुठनी चौधरी थारूको कोखबाट जन्म मिति २०३३ साल कार्तिक ७ मा भएको पारिवारिक स्रोतबाट बुझ्न सकिन्छ । बुवा भरतकुमार चौधरीका तीन भाइछोरामध्ये माइलो छोरा मनोज चौधरी हुनुहुन्थ्यो । उहाँको बुवाको स्थायी बसोबास चितवन भण्डारा गा.वि.स. वडा नं. ३ लौगाइ गाउँटोल (हाल राप्ती नगरपालिका वडा नं. ६) मा छ । क. मनोजको जन्म पनि सोही ठाउँमा भएको हो । क. मनोजको शहादत २०६१ साल बैशाख ३१ गते शाही सेनाका जल्लादबाट चितवन वीरेन्द्रनगर गा.वि.स. को पाकडीवास भन्ने ठाउँमा निर्मम रूपले हत्या गरिएको थियो । जुन 'पाकडीवास हत्याकाण्ड' का नामले चर्चित छ इतिहासमा । उक्त हत्याकाण्डमा क. मनोज लगायत क. ऐनकुमारी मोक्तान अनु, क. टीका अधिकारी बिनोद, क. ऋषी रेग्मी राकेश, क. रामबहादुर खड्का रक्तिमको पनि एकै चिहान बनायो । नेपाल र नेपालीको काँचुली फेर्नका लागि अकालमै मृत्युवरण गर्ने महान् ऐतिहासिक लाल योद्धाहरूप्रति पुनः भापूर्ण श्रद्धाञ्जली अर्पण गर्नुको साथ लाल सलाम टक्र्याउँछु ।

उहाँको बाल्यकाल निकै पीडाका साथ गुज्रियो । उहाँको परिवारमा एक छाक खान र एक आङ लाउन निकै मुस्किल पर्थ्यो । पेटमा चारो हाल्नकै निम्ति सानै (लगभग ८, ९ वर्षको ) उमेरमा अर्काको घरमा बस्तुभाउ हेर्न गोठालाको रूपमा काम गर्नुपऱ्यो । न त जाडो- घाम, न त झरीकै मतलब भयो उहाँलाई । शिक्षाका लागि कुनै मौका पनि पाउनु भएन । विद्यालय कस्तो हुन्छ, के गरिन्छ ? उहाँको हातमा कलमको सट्टा बस्तु धपाउने लौरो मात्र हुन्थ्यो । गोठाला जाँदा भाइ साथीहरूबाट जे सिकिन्थ्यो त्यही नै उहाँको लागि शिक्षा थियो । २०५० साल ताका चितवनको पूर्वी भूगोल बाढीले डुबान हुँदा सर्वत्र बालुवा देखिन्थ्यो । अन्नपात नहुने हो कि भनेर उहाँ आफ्नै सानीआमाको घरमा काम गर्न काठमाडौं पुग्नुभयो । करिब उहाँ २२, २३ वर्ष हुँदा काठमाडौं बस्दा केही अनौपचारिक शिक्षा हासिल गर्नुका साथै केही बुझ्न र गर्न सक्ने आँटको विकास भएको थियो । ५, ६ वर्ष जति सानी आमाको घरमा काम गर्दा काठमाडौंको हावापानीले नै होला केही चलाख बन्न बाध्य बनायो, उहाँलाई । आर्थिक कारणले सानीआमाको घरमा काम गर्न रूचाउनु भएन । फेरि आफ्नै थोत्रो पुरानो घरमा वा आफु हुर्केकै ठाउँमा आउनु भयो ।

देशमा महान् जनयुद्धको अभियानमा लामबद्ध हुने प्रक्रिया धमाधम बढिरहेको थियो, त्यही २०५७- २०५८ सालतिर । गरीब सर्वहारा वर्गको सत्ता ल्याउन जनता निकै आतुर देखिन्थे । सर्वहारा वर्गको पार्टी नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा धमाधम जनताको मन जित्दै जनता सङ्गठित हुने क्रम जारी नै थियो । पार्टीले नयाँ नयाँ उचाइमा एकपछि अर्को सङ्घर्षको चरण अगाडि बढाउँदै लगिरहेको अवस्था थियो । कतै मशाल जुलुस, कतै नयाँ कमिटी गठन, कतै जनसरकार घोषणा देशै माओवादीमय बनेको थियो । त्यसै क्रममा क. मनोज चौधरी (थारू) २०५८ साल माघ १ गतेबाट सङ्गठनमा सङ्गठित भएर आधिकारिक रूपमा पार्टी सदस्य पूर्णकालीन कार्यकर्ताको रूपमा महान् वर्ग सङ्घर्षको भट्टीमा होमिनु भयो । दृढ इच्छा शक्ति भएकै कारण पार्टीको हरेक योजनालाई सफल बनाउन उहाँको अग्रिम भूमिका हुन्थ्यो । जुनसुकै जनकारबाहीमा पनि उहाँ अग्रपङ्तिमा भूमिका रोज्नुहुन्थ्यो । उहाँ पार्टीको एसूटीएफ् फौजी मोर्चामा विशेष भूमिका निभाउनु हुन्थ्यो । छोटो समयमै पार्टी सङ्गठनमा विश्वा स जित्दै एसूटीएफ् को सेक्सन भीसी बन्ने हैसियत कायम गर्नुभयो । लौरो समाउने हात साँच्चिकै फलामे अत्याधुनिक हतियार चलाउन सफल हुनु भयो ।

क. मनोज चौधरी निकै मिलनसार बानी बेहोरा भएकै कारण जतिसुकै रिसाएको साथीलाई पनि हँसाउन सक्ने खुबी थियो । माछा मार्न, शिकार खेल्न निकै मन पर्थ्यो । तर वर्ग दुश्मनप्रति त्यत्तिकै निर्मम ढङ्गले जाइलाग्ने बानी थियो । कसैसँग अभद्र ब्यवहार नगर्ने सम्मानजनक ब्यवहार गर्नाले नै उहाँको आफ्नो छवि वा पहिचान दिलाउन सफल भएको आकाशको तारा चम्केझैँ बैचारिक प्रतिबद्धता, कार्यकुशलता, साहसी, निडर भएकै कारण वर्गदुश्मनसँग हार स्वीकार गर्नु भएन अथवा शीर झुकाउनु भएन । औपचारिक शिक्षामा कमजोर भए तापनि ब्यवहारिक शिक्षामा अब्बल दर्जामा नाम लेखाउन सफल हुनु भयो । वर्गदुश्मन शाही सेना क. मनोजको नाम लिनासाथ भयभित हुन्थे ।

क. मनोज लगायत केही कमरेडहरू चैनपुर गा.वि.स. हुँदै वीरेन्द्रनगर गा.वि.स.तिर आउँदै गर्दा एक्कासी जम्का भेट शाही सेनाको डफ्फासँग भयो २०६१ बैशाख ३१ गतेको दिन । केही कमरेडहरू भागेर ज्यान जोगाए, तर उहाँले भिडन्तको विकल्प केही देख्नु भएन । दोहोरो भिडन्तको क्रममा उहाँको ज्यान लियो । क. मनोज एक साहसिक लाल योद्धा क्रान्तिमा गुमाउनु पर्दा पार्टी सङ्गठनले निकै अतुलनीय क्षति बेहोर्न पऱ्यो । क. मनोज थारू जस्ता हजारौँको सङ्ख्यामा वीर महान् सपूतहरू यो नेपाली धर्तीलाई खाँचो छ, अधूरो क्रान्ति पूरा गर्नका लागि ।

आखिर यिनै वीर होनहार योद्धाहरू(क.मनोज) जस्ता महान् सहिदको बलिदानीपूर्ण इतिहास दश वर्षे महान् ऐतिहासिक जनयुद्ध थियो जो रक्तरंजित नयाँ आयाम थियो । जनयुद्धको राप र तापले नै राजतन्त्रको अन्त्य त भयो, तर त्यही खाली ठाउँमा 'दलाल पुँजीपति संसदीय व्यवस्था'को विजारोपण गरियो । प्रतिक्रियादवादीबाट नजानिँदो ढङ्गले जो क्रान्तिकारी एवम् परिवर्तनकारी वर्गले भेउ नै पाउन सकेन । जनताले संविधान सभा २०६४ को चुनावपछि आफ्नो हित अनुकूल संविधान लेख्नै पाएन । किनकि, शासन सत्ताको घडीको सुई ठीक उल्टो घुमाइयो । मानौं सोह्रदुना बत्तीसको साटो सोह्रदुना आठ भनेर पढ्न थाले । क्रान्तिकारीका नायक भनिएका प्रचण्ड, बाबुराम, बादललगायत नेतृत्वबाट क्रान्तिकारी वर्गलाई मात्र नभई सम्पूर्ण देश र जनताप्रति धोका वा गद्दारी, क्रान्तिप्रति कुठाराघात, देश र जनताप्रति बेइमानी तथा वर्गदुश्मनसामु आत्मसमर्पण भन्ने निश्कर्षमा पुग्न कठिनाइ हुँदैन ।

के जनताले नेतृत्वलाई साथ नदिएर हार बेहोर्नु परेको हो त महासङ्ग्राम ? हजारौं बलिदानी, त्याग, कुर्वानी लगानी के असफल भएकै हो त ? यी इत्यादि सवाल जवाफको बहस छेडेको छ क्रान्तिकारी जनतामाझमा । प्रतिक्रियावादीले खोइ जनसत्ता, जनअदालत, जनसेना ? पानीको फोका बिलाएझैं बिलाएर गयो भनेर खिसी गर्दै छन् । हाँसोको पात्र बनाइरहेका छन् । यो नेपाल र नेपाली जनताले सोचेको परिणाम थिएन । नेपाल र नेपाली जनता भनौं वा राष्ट्र र राष्ट्रियतामाथि बज्रप्रहार भएको छ यतिखेर । के 'दलाल संसदीय व्यवस्था' ल्याउनकै लागि हजारौंको कुर्वानी लगानी आवश्यक थियो त ? यी प्रश्नको जवाफ न त प्रचण्डसँग छ, न बाबुराम, बादलसँग नै । यसको सही जवाफ क्रान्तिकारी वर्गले नयाँ ढङ्गले नयाँ एकतामा, नयाँ योजना, नयाँ आँट साहसका साथ खोज्न जरूरी छ ।

शान्ति प्रक्रियामा ने.क.पा.(माओवादी) आउँदा नेतृत्व (प्रचण्ड, बाबुराम र बादल कम्पनी) विदेशी दलालको चक्रब्यूहमा फसिसकेको रहेछ । पार्टीको क्रान्तिकारी धार भुत्ते हुन लागिरहेको थियो । झनै पहिलो संविधानसभा बिघटन, जनमुक्ति सेनाको बिघटन लगायत हतियार बुझाउने जस्ता कार्यले नेतृत्व प्रतिक्रियावादी कित्तामा आत्मसमर्पण गर्न नाटकीय ढङ्गले गएको एकपछि अर्को घटनाक्रमले पुष्टी हुन्छ । दोस्रो संविधानसभाको चुनावले प्रतिक्रियावादीको कित्ता झनै मजबुत बन्दै गएको आमजनताले ठम्याइसके ।

धोकामाथि धोका खाएको नेपाली जनता फेरि सङ्गठित हुँदै कमजोरीलाई सच्याएर अगाडि बढ्नुको विकल्प छैन अब । धोका र गद्दारीविरुद्ध क्रान्तिकारीले नयाँढँगले दलाल सँसदीय ब्यवस्थाविरुद्ध मालेमाको आलोकमा एकताबद्ध भएर जनविद्रोहमा जुट्नु नै कमरेड मनोज लगायत महान् सहिदप्रति सच्चा श्रद्धाञ्ली हुनेछ ।

## क्रान्तिकारी ट्रेड...

गरिए पछि निर्वाचित सदस्यहरूमा सबैभन्दा जेष्ठ सदस्य कर्णबहादुर पुनको सभापतित्वमा प्रथम बैठक बसी ईश्वर तिमिल्सिनालाई अध्यक्षमा सर्वसम्मतिले चयन गरेको थियो ।

यसैबीच, महासंघको प्रथम राष्ट्रिय भेलाको उद्घाटन कार्यक्रम काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको हलमा शुक्रबार भब्य रूपमा सम्पन्न भएको थियो । संघर्षको तयारीका लागि संगठन बिस्तार तथा सुदृढीकरणको अभियान देशव्यापी रूपमा सम्पन्न भएसँगै मोर्चा तथा जनवर्गीय संगठनहरूको राष्ट्रिय भेला तथा सम्मेलन सम्पन्न गर्ने क्रममा क्रान्तिकारी ट्रेड युनियन महासंघको राष्ट्रिय भेला सम्पन्न भएको हो ।

कार्यक्रम उद्घाटन पछिको मन्तव्यको क्रममा प्रमुख अतिथि तथा नेपाल कम्युनिष्ट पार्टीका महासचिव मोहन वैद्य 'किरण' ले मात्राका हिसाबले कम भए पनि नेपालको आमूल परिवर्तनको संघर्षमा मजदुरहरूले ऐतिहासिक भूमिका निर्वाह गर्दै आएको कुरा स्मरण गराउँदै हरसमयमा मजदुरहरू दक्षिणपन्थी तथा अवसरवादीहरूका विरुद्ध लड्दै आएको कुरामाथि प्रकाश पारेका थिए । देश र जनविरोधीहरूका विरुद्ध लड्दा वैचारिक रूपमा र भौतिक रूपमा पनि दक्षिणपन्थी संशोधनवादीहरूका विरुद्ध लड्दै आउनु परेको हो ।

नेपालको आमूल राजनीतिक तथा सामाजिक परिवर्तनका क्रममा पछिल्लो पटक भएको जनयुद्धको बेला देश र जनतालाई धोखा दिने नवसंशोधनवादीहरू पार्टीभित्र जन्मिएपछि जनयुद्धले पनि उपलब्धि हासिल गर्न नसकेको कुरा बोध गराउँदै महासचिव किरणले अहिले तिनै धोखेबाज तथा दक्षिणपन्थीहरूको एकताका आधारमा बनेको ओली सरकारले समाजवाद निर्माणको झुठो हल्ला जनताका बीचमा फिंजाइरहेको बताए ।

उनले भने- ती दक्षिणपन्थी संशोधनवादीहरूले भन्ने गरेको समाजवाद मार्क्सवादी वैज्ञानिक ससमाजवाद होइन, त्यो संशोधनवादी प्रतिक्रियावादी समाजवादको कुरा हुन सक्छ, जसको समयमै भण्डाफोर जरुरी छ । हामी र हाम्रो पार्टीले भन्ने गरेको समाजवाद वैज्ञानिक समाजवाद हो, त्यो मजदुर-किसानको एकतामा सम्पन्न हुने जनवादी क्रान्तिपछि मात्र स्थापना हुन्छ ।

मजदुर आफैमा सर्वहारा र अन्तर्राष्ट्रिय श्रमजीवी वर्ग भएकाले यसका लागि गुमाउने हातको सिक्री बाहेक केही पनि हुँदैन, तर प्राप्त गर्नका लागि उसका अगाडि सिंगो संसार रहेको छ । नेपाली क्रान्तिको समयमा र विश्वक्रान्तिको समयमा पनि देखा पर्ने क्रान्तिकारी र दक्षिणपन्थी अवसरवादी धाराहरूका बीचमा मजदुररु क्रान्तिकारी धारका पक्षमा रहने गरेको इतिहास रहेको कुरामाथि प्रकाश पार्दै महासचिव किरणले यसका साथै मध्यपन्थी तथा र उग्रवामपन्थी धाराबाट पनि सचेत रहँदै आएको कुरामा जोड दिए ।

उद्घाटन कार्यक्रममा पूर्व मजदुर अध्यक्ष तथा नेकपा (क्रान्तिकारी माओवादी) का पीवीएम दिनेश शर्मा 'सागर'ले अहिलेको मजदुरहरूको वैचारिक निर्देशन भनेको मार्क्वाद-लेनिनवाद-माओवाद नै हो भन्दै मजदुर आन्दोलनको इतिहासले पनि क्रान्तिकारी अग्रदस्ताका रूपमा मजदुरलाई अघि सारेको कुरामा जोड दिए । शर्माले पेरिस कम्युन र रुसको अक्टोबर क्रान्तिलाई पढेपछि मजदुरहरूको भूमिका र योगदानको महसुस हुने प्रसंगलाई जोड्दै अबको क्रान्तिमा मजदुरको जिम्मा अग्रणीका रूपमा संघर्षका मोर्चाहरूमा हुने छ ।

उद्घाटन कार्यक्रमलाई अखिल नेपाल शिक्षक संगठनका उपाध्यक्ष टंकराम अधिकारी, अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेल, क्रान्तिकारी युवा लिगका अध्यक्ष अमिर महर्जन, अखिल नेपाल महिला संघ (क्रान्तिकारी)का महासचिव शारदा महत, वुद्धिजीवी संगठनका अध्यक्ष हुकुमबहादुर सिंह, प्राध्यापक संघका अध्यक्ष प्रा. डा. जगदीशचन्द्र भण्डारी, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका सचिवालय सदस्य दीपक शाही, अखिल नेपाल किसान महासंघका अध्यक्ष सीताराम तामाङ, अखिल नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष पवनमान श्रेष्ठले शुभकामना मन्तव्य दिएका थिए ।

त्यसैगरी, क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष राजन तिमिल्सिना, अखिल नेपाल ट्रेड युनियन महासंघका नारायण सापकोटा, नेपाल स्वतन्त्र प्रगतिशील ट्रेड युनियन महासंघका केदार गिरी र नेपाल ट्रेड युनियन फेडरेशनका मधु बिसीले उद्घाटन कार्यक्रममा आफ्नो विचारसहित शुभकामना मन्तव्य दिएका थिए ।

## शिक्षामन्त्रीको...

त्रिविको शिक्षा सेवा आयोग खारेज गर लगायत तीन बुँदे माग राखेर आयोगको गेटमा एक महिनादेखि रिले अनसन बसिरहेका क्रान्तिकारी विद्यार्थी नेता, कार्यकर्ता तथा अनसनमा ऐक्यवद्धता जनाउन गएका पार्टी नेता तथा कार्यकर्तालाई समेत व्यापक धरपडकका बीच प्रहरीले गिरफ्तार गरेका थियो । पक्राउ परे लगत्तै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले एक वक्तव्य जारी गरी उनीहरूको अबिलम्ब रिहाइको माग गरेका थिए । सोमबार साँझ त्रिवि सेवा गेटको अनसनस्थलमा पुगी कालीमाटी प्रहरी वृत्तले अमानवीय हस्तक्षेप गरी कुटपिट र लछारपछार गर्दै १६ जना नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरेको थियो ।

यो अमानवीय तथा सशस्त्र रौद्र हस्तक्षेपको घोर भर्त्सना गर्दै महासचिव किरणले जारी गरेको वक्तव्यमा '२०७६ जेठ ६ गतेदेखि त्रिवि सेवा आयोगको गेटमा त्रिवि सेवा आयोगको खारेजी, आयोगका भ्रष्ट पदाधिकारीहरूमाथि कारवाही र अवैधानिक रूपमा प्रकाशित नतिजाको खारेजी जस्ता तीन सूत्रीय माग राखी रिले अनसनमा बस्दै आएका अनेरास्ववियु (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, उपाध्यक्ष शिलु न्यौपाने, महासचिव पेशल दाहालगायतका एक दर्जन भन्दा बढी अनसनकारी र अनसनप्रति ऐक्यवद्धता जाहेर गर्न गएका हाम्रो पार्टी केन्द्रीय समितिका सदस्य क. सुरेश श्रेष्ठ, क. शारदा महतसहितका कमरेडहरूलाई प्रहरीद्वारा गिरफ्तार गरिएको जनाइएको थियो ।

'विषयको गम्भीरतामाथि ध्यान दिई विद्यार्थीहरूद्वारा प्रस्तुत माग सम्बोधन गर्नुको सट्टा उल्टै यसरी गिरफ्तार गरेकोमा महासचिव किरणले यस प्रकारको जनविरोधी तानाशाही गतिविधिको तीब्र विरोध तथा भर्त्सना गरेका थिए । चौतर्फी दबाबपछि गिरफ्तार गरिएका सबैलाई सोमबार बेलुका रिहा गरिएको थियो ।



## मार्क्सवाद...

गर्छन्, तर ती पकौडा मानिसले बनाएका जस्ता स्वादिला भने हुँदैनन्" आदि । हिजोसम्म यी कुराहरू मानिसको कल्पना भन्दा बाहिर थिए । तर, आज यी सबै धरातलीय यथार्थ भएका छन् ।

यो सबैका अतिरिक्त, प्रतिघण्टा १,००० बटा इँटा लगाएर भवनको गारो ठड्याउन सक्ने ज्बमचष्बल(ह मेसिन, एक घण्टाभित्र करीव दुई बिघाजति खेतमा धानका विरुवा रोप्न सक्ने त्वबलकउबिलतभच मेसिन लगायत धेरै किसिमका यन्त्रहरू दैनिक प्रयोगमा आइसकेका छन् । पाइलट बिना चल्ने जहाज तथा ड्राइबरबिना चल्ने गाडीहरूको सफल परीक्षण भइसकेको छ र विकसित देशहरू तिनको प्रयोग गर्ने तरखरमा छन् । यन्त्र महिला "सोफिया"लाई साउदी अरेवियाको सरकारले आफ्नो देशको नागरिकता प्रदान गरेको कुरा विश्वभरि व्यापक चर्चाको विषय बनेको छ । उनले जुनसुकै मानिसका हरेक प्रश्नको स्वतस्फुर्त जवाफ दिन सक्छिन् । यो विज्ञान तथा प्रविधिको विकासले सिर्जना गरेको आजको यथार्थ हो ।

यद्यपि मार्क्सले आफ्नो जीवनकालमा आजका यी विकासको प्रत्यक्ष अनुभूति गर्न पाउनु भएन तर पनि वहाँले मजदुर र मेसिनहरूको स्वचालनको सम्बन्ध बारे त्यति बेलै उल्लेख गर्नु भएको थियो । उहाँ लेख्नु हुन्छ, "उत्पादन प्रक्रियामा समावेश भएपछि, श्रमका औजार विभिन्न रूपमा बदलिँदै जान्छन्, जसको उत्कर्ष मेशिन हो, अझ भनौं मेसिनहरूको स्वचालन प्रणाली हो, … थुप्रै यान्त्रिक तथा बौद्धिक संरचनामा मिलेर रहने यो स्वचालन प्रक्रियामा श्रमिकहरू सचेत सम्बन्धमा मात्र जोडिन्छन् ।" प्रविधिको विकासको प्रारम्भिक चरणमा पनि मार्क्सले त्यो विकास स्वचालित मेसिनको निर्माणसम्म पुग्न सक्ने आकलन गर्नु भयो र भन्नु भयो कि प्रविधिले जतिसुकै विकास गरे पनि मेसिनलाई नियन्त्रण गर्ने चेतना भने मानिसमा हुन्छ, मेसिन आफैमा होइन ।

यहाँनेर विशेष ध्यानाकर्षण गर्न खोजिएको के कुरामा हो भने मूख्यतः पहिलो र दोस्रो औद्योगिक क्रान्तिले सुरुमा केही प्रश्न र समस्या उठाए पनि पछि तिनले श्रमका क्षेत्र विस्तार गरेर रोजगारीको व्यापक बृद्धि गरेका थिए । तर अहिले चौथो औद्योगिक क्रान्तिसम्म आइपुग्दा यसले पहिलेका क्रान्तिले सिर्जना गरेका रोजगारीका क्षेत्रमा कामगर्ने रोबोटहरू पठाएर मानिसलाई कामबाट विस्थापित गर्न थालेको छ र यसले मानिसलाई प्रविधिसँग सचेत सम्बन्ध मात्र स्थापना गर्ने भुमिकामा पुऱ्याएको छ । यसको प्रभाव क्षेत्र निर्माणमात्र होइन सेवा लगायतका विभिन्न क्षेत्रहरू समेत पर्दछन् । यो पहिलो र दोस्रो औद्योगिक क्रान्तिले निर्माण गरेको भन्दा नितान्त भिन्न स्थिति हो ।

अब, एउटा प्रश्न अगाडि आएको छ । उत्पादन गर्ने रोबोटहरूले उत्पादित वस्तु खरिद र उपभोग दुवै नगर्ने र उपभोग गर्ने मानिसले बेरोजगारीका कारण क्रयशक्ति नभएर खरिद गर्नै नसक्ने स्थितिमा पुँजीवादी उत्पादनको औचित्य के ? यो एउटा सामान्य प्रश्न होइन । यसको अन्तिम परिणाम पुँजीवादको अन्त मात्र हुने छैन, पुरै मानव सभ्यताको समेत पूर्ण विघटन हुने छ । साथै प्रविधिको अनियन्त्रित प्रयोगका कारण पर्यावरणमा परेको नकारात्मक प्रभावले पनि मानव समाजलाई ध्वंशको दिशातिर डोऱ्याइ रहेको कुरा पर्यावरणविदहरूले बारम्बार औल्याइराखेका छन् । यही सन्दर्भमा, संयुक्त राष्ट्रसङ्घले हालै पोल्याण्डमा २०० भन्दा बढी देशका प्रतिनिधिका बीचमा आयोजना गरेको जलवायु शिखर सम्मेलनमा डेभिड एटेनबोरोले "सभ्यता र प्राकृतिक विश्वको अन्त क्षितिजमा छ" भनेका छन् ।

ठीक यही सन्दर्भमा, एकजना बामपन्थी समाजशास्त्री तथा वरिष्ठ पत्रकार पिटर फ्रेजले २०१६मा एउटा महत्वपूर्ण पुस्तक प्रकासन गरेका छन् । उक्त पुस्तकको नाम Four Futures: Life After Capitalism भन्ने रहेको छ । त्यस पुस्तकको भूमिकाको पहिलो वाक्यमा उनले लेखेका छन् "२१औ शताव्दीमा संसारलाई दुईबटा भूतहरूले सताइरहेका छन्, ती हुन् : पर्यावरणीय विपत्ति र स्वचालनका भूतहरू" । त्यो पुस्तकमा उनले यी दुई भूतहरूका कारण विश्वमा पुँजीवादको अन्त्य नजिक छ भन्ने निष्कर्ष निकालेका छन् ।

त्यसमा उनले पुँजीवादको अन्त हुने मात्र होइन, त्यसपछि स्थापित हुने समाजको सामाजिक नीति र उत्पादनको मात्राको आधारमा मानव जीवनका चार भिन्न अवस्था हुनसक्ने सम्भावना समेत देखाएका छन् । ती हुन् : एक, उत्पादनमा प्रचुरता (Abundance) र नीतिमा समानता (Equality) भएको खण्डमा पुँजीवाद पछिको मानव समाज साम्यवाद (Communism) हुनेछ । दुई, सक्ने मानिसहरूले Software लाई भाडामा लिई रोबोट मार्फत् उत्पादन गर्दा उत्पादनमा प्रचुरता त आउन सक्छ, तर समाजको वर्गीय भऱ्याङ्ग (Hierarchy) बदलिएन भने त्यो भाडावाद (Rentism)मा सिमित हुनेछ । तीन, नीतिमा समानता त आयो तर उत्पादनमा प्रचुरता आएन भने त्यो समाजवाद (Socialism) हुने छ । चार, समाजमा वर्गीय भऱ्याङ्ग जस्ताको तस्तै रह्यो र उत्पादन पनि अपर्याप्त (Scarcity) भयो भने स्वचालित यन्त्रको प्रयोग गरेर मस्तीगर्ने समाजको अति सानो हिस्साले उनीहरूको वैभवपूर्ण जीवनलाई वर्गीय चुनौती दिने काम र माम नभएका मानिसको जमातलाई आमरूपमा संहार गर्नेछ । त्यो स्थितिलाई उनले संहारवाद (Exterminism) भनेका छन् । उनका यी निष्कर्षहरू संभावना भन्दा बाहिर देखिन्नन् ।

पछिल्ला केही वर्षमा विज्ञान तथा प्रविधिले गरेको विकासका गम्भीर असरहरू समाजमा जताततै देखिन थालि सकेका छन् । यसले विश्वभरी चर्को बहस नै छेडेको छ । बहसका कोणहरू भिन्न-भिन्न रहेका छन्, तर बहस निकै गम्भीर र पेचिलो छ । यो बहसलाई सामान्यतः दुई प्रमुख धारामा विभाजित गर्न सकिन्छ । ती हुन् : बुर्जुवा यथास्थितिवादी धारा र सर्वहारावादी परिवर्तनकामी धारा । तल यी धाराहरूको सङ्क्षिप्त अध्ययन गरिएको छ ।

पहिला बुर्जुवा यथास्थितिवादी धाराबारे चर्चा गरौं । यो धाराका पक्षपोषक श्रमजीवी वर्गका मानिसहरूले विज्ञान र प्रविधिको विकासका कारण रोजगारीका अवसरहरू खोसिने र परिणामतः मानव समाज नै खतरामा पर्नसक्ने मान्दछन् । टम वाट्सन नामका एकजना स्तम्भकारले "सबै कामहरू रोबोटले गर्ने भएपछि मानिसहरू कसरी बाँच्ने"७ भन्ने शीर्षकमा एउटा लेख प्रकासित गरेका छन् । त्यस्तै म्याकिन्से तथा कम्पनी नामको संस्थाले "२०३० सम्ममा स्वचालित रोबोटहरूले ८० करोड मजदुरहरूका काम खोस्ने छन्" भन्ने प्रतिबेदन प्रस्तुत गरेको छ । वाल स्ट्रिट जर्नलले लेख्दछ, "जापानको नोरुमा भनिने अनुसन्धान सस्थानले २०१५मा तयार पारेको प्रतिवेदनका अनुसार आउने २०३५ सम्ममा जापानका करीव आधाजसो कामहरू रोबोटले गर्नेछन्" । त्यस्तै इजरायलको हेब्र्यु विश्वविद्यालयका एकजना प्राध्यापक र प्रसिद्ध इतिहासकार डा. युवल नोह हरारीले "कृत्रिम प्रज्ञा र स्वचालनले संसारभरी निकम्मा वर्ग (Global useless class) सिर्जना गर्ने छ" भनेका छन् आदि । स्वचालनका कारण रोजगारी खोसिने कुरा प्रायः अनिवार्य भएको तर त्यसको कुनै वैकल्पिक उपाय नदेखेको अवस्थामा यो धाराका पक्षपाति श्रमजीवी वर्गका मानिसहरू अलि बढी चिन्तित देखिने गरेका छन् ।

पुँजीपति र तिनका आर्थिक संस्थाका तर्फबाट पनि स्वचालन र कृत्रिम प्रज्ञाबारे विभिन्न विचारहरू व्यक्त हुँदै आएका छन् । उनीहरू यसमा खुसी छन् । उक्त पत्रिकामा टम वाट्सन लेख्दछन्, "व्याङ्क अफ अमेरिकाले हालैमा दाबीकासाथ भनेको छ कि आउने एक पुस्ताभित्र स्वचालित प्रणालीले औद्योगिक उत्पादनको क्षेत्रको आधा काम गर्ने छ र यसबाट दुनियाँलाई चकित पार्नेगरी ९० खरब डलर बराबर मजदुरहरूको ज्याला बचत हुने छ ।" त्यसरी नै बेलायत स्थित एध्क्र नामको एउटा संस्थाको प्रतिवेदनले स्वचालन र कृत्रिम प्रज्ञाका कारण "२०३० सम्ममा विश्व अर्थतन्त्रलाई प्रतिवर्ष जम्मा १५७ खरव डलरको योगदान पुग्ने छ, यो चीन र भारतको हालको कुल गार्हस्थ उत्पादन भन्दा पनि धेरै हो" भनेर स्वचालन प्रति निकै गर्व गरेको छ । यसले विषयको गम्भीरतालाई दर्शाउँछ । यो सामान्य स्थिति होइन ।

अर्कोतिर, स्वचालनले ल्याउने वेरोजगारीको समस्या कसरी समाधान गर्न सकिन्छ त भन्ने प्रश्नको जवाफमा विश्वका एक नम्बर धनी बिल गेटले "जागिर खोस्ने रोबोटहरूलाई कर लगाउनु पर्दछ" भनेका छन् । यति मात्र होइन, उनले त्यसबाट आएको रकम रोबोटहरूका कारण कामबाट हातधुन बाध्य पारिएका मजदुरहरूलाई राहत प्रदान गर्न र तिनको सीपविकास गर्ने काममा प्रयोग गर्नु पर्दछ भन्ने आशय समेत व्यक्त गरेका छन् । पुँजीको लगानी गरेर त्यसबाट अत्यधिक अतिरिक्त मूल्य आर्जन गर्न पल्केका पुँजीपति वर्गलाई प्रविधिको विकासले निकै खुसी तुल्याएको छ ।

अब, सर्वहारावादी परिवर्तनकामी धाराबारे चर्चा गरौं । आफुलाई कम्युनिस्ट हुँ भन्ने सबै खाले समुहहरूले यस धाराको प्रतिनिधित्व गरेको दाबी गर्छन् । तर, यो धारा अन्तर्गत पर्ने समूहहरूका बीचमा विज्ञान तथा प्रविधिले पैदा गरेका चुनौती र सम्भावनालाई बुझ्ने प्रश्नमा समान धारणा रहेको पाइँदैन । तिनीहरू विभिन्न प्रवृत्तिहरूमा विभाजित छन् । तिनलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

पहिलो, यो नाममा सर्वहारावादी तर काममा पुँजीवादी प्रवृत्ति हो । यसलाई दक्षिणपन्थी संशोधनवादी प्रवृत्ति पनि भन्न सकिन्छ । यो प्रवृत्ति हुनेहरू विज्ञान र प्रविधिको विकासका कारण उत्पन्न भएका चुनौतिहरू प्रति चिन्तित त देखिन्छन् तर तिनीहरूसँग त्यो चुनौतिलाई क्रान्तिकारी ढङ्गबाट समाधान गर्ने न चिन्तन छ न त कुनै कार्यसूची नै । सारतः यो प्रवृत्तिको मान्यता बुर्जुवा यथास्थितिवादीको भन्दा खासै भिन्न हुँदैन । यो पुँजीवादको पुच्छर प्रवृत्ति हो ।

दोस्रो, यो नाममा क्रान्तिकारी हुँ भन्ने तर काममा रुढिवादी हुने प्रवृत्ति हो । यो प्रवृत्तिले प्रविधिको विकासले सम्भावनासहित सुरुमा केही चुनौतिहरू लिएर आउने कुरा स्वीकार गर्दछ । तर यसले विषयको गहिराइसम्म प्रवेश गर्ने कोसिस नै गर्दैन । यो प्रवृत्तिले वाष्पइन्जिनको आविष्कार पछि लुडाइट विद्रोहीहरूले आफ्नो रोजगारी खोसेको भनेर मेसिन तथा कपडाका तानहरू तोडफोड गरेका थिए तर पछि रोजगारी बढदै गएका कारण उनीहरू निकै खुसी भए भन्ने हिजोको विषयलाई नजीर बनाएर आजको प्रश्नलाई पनि त्यसरी नै पन्छाउन खोज्छ । यो प्रवृत्तिले क्रान्तिको कार्यदिशा र रणनीति निर्माणको प्रक्रियामा विज्ञान तथा प्रविधिको विकासका कारण पैदा भएका सम्भावना र चुनौतिहरूले कुन स्तरको भूमिका खेल्दैछन् भन्ने प्रश्नमा घोत्लिन त्यति आवश्यक नै ठान्दैन । यसले ठोस परिस्थितिको ठोस विश्लेषण गर्ने झन्झट नगरी हिजो जे बुझेको थियो आज पनि त्यही नै सत्य हो भन्ने ठान्दछ । यसरी यो प्रवृत्ति अन्ततः परिस्थितिको विश्लेषण गर्ने र क्रान्तिको खाका कोर्ने कार्यमा मनोगतवादको सिकार हुन पुग्दछ । यो सारतः रुढिवादी मार्क्सवादी प्रवृत्ति हो । यसले क्रान्तिलाई त यान्त्रिक ढङ्गले समात्छ तर त्यसको विकास गर्न सक्दैन ।

तेस्रो, यो सिर्जनात्मक ढङ्गले परिस्थितिको विश्लेषण गर्ने नाममा मार्क्सवाद-लेनिनवाद-माओवादलाई ओझेलमा पार्ने र विज्ञान तथा प्रविधिलाई निर्णायक मान्ने प्रवृत्ति हो । यसले विज्ञान तथा प्रविधिको विकासका कारण उत्पादन प्रक्रियामा मानिसको भूमिकामा कमी हुँदै गएको र प्रमुख उत्पादक शक्तिका रूपमा विज्ञान तथा प्रविधि अगाडि आएको कुरा गर्दछ । विज्ञान तथा प्रविधिलाई निवर्गीय र प्राकृतिक वस्तु बताएर यसका पक्षधरहरूले यसलाई जो कोहीले पनि आफ्नो आवश्यकताअनुसार उत्पादन प्रक्रियामा उपयोग गर्न सक्ने बताउँछन् । आदिम समाजमा प्रकृति नै उत्पादक शक्ति भएको र त्यसमा सबैको अधिकार समान रहेको थियो भन्ने तर्क अगाडि सारेर अहिलेको उत्पादक शक्ति, विज्ञान र प्रविधिमाथि पनि सबैको अधिकार समान हुन पुगेको छ भन्ने उनीहरूको निष्कर्ष छ । विज्ञान तथा प्रविधि भनेको ज्ञान हो र ज्ञानलाई पुँजीपतिको सत्ताले नियन्त्रण गर्न सक्दैन भन्दै यिनीहरूले समाजमा अब वर्गसङ्घर्ष प्रधान नरहेको बताउन थालेका छन् ।

यहि सन्दर्भमा रमेश सुनुवारले लेखेका छन्, "आज विज्ञान-प्रविधिले उत्पादन क्षेत्रमा जुन आमूल परिवर्तन ल्याएको छ, जुन क्रान्ति ल्याएको छ, त्यसबाट अब समाजमा जीवनको लागि आवश्यक साधनहरूको अभावको कारण उत्पन्न सम्पूर्ण समस्याहरू, द्वन्द्वहरूको अन्त हुने सम्भावना देखिएको छ ।" विज्ञान तथा प्रविधिको विकासले वर्गसङ्घर्षको समस्यालाई हल गर्न सक्ने सम्भावना बढेको छ भन्ने यो मान्यता मार्क्सवाद सम्मत छैन । यसको सम्बन्ध द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादसँग होइन, उत्तर-आधुनिकतावाद र उत्तर-मार्क्सवादसँग जोडिएको कुरा सहजै बुझ्न सकिन्छ । बरु सत्य त यो हो कि प्रविधिको विकासका कारण रोजगारीबाट हातधुन बाध्यहुने 'निकम्मा वर्ग' सहित आम श्रमजीवि वर्ग र प्रविधिमाथि एकाधिकार कायमगर्ने पुँजीपति वर्गका बीचको अन्तरविरोध अर्थात् वर्गसङ्घर्ष अरु चर्किने कुरा प्रष्ट छ । यस्तो हुँदा पनि उनले समाजमा वर्गसङ्घर्ष नै नरहने हास्यास्पद तर्क किन गरेका होलान् ? स्पष्ट छ, यो मार्क्सवादको सिर्जनात्मक विकास होइन, यो त मार्क्सवादबाट गम्भीर विचलनको अभिव्यक्ति हो ।

अर्कोतिर विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको विकासका कारण उत्पादन क्षमतामा जुन बृद्धि भएको छ त्यो साम्यवाद निर्माणका लागि एउटा महत्वपूर्ण आर्थिक आधार बन्न जान्छ भन्ने उनीहरूले गरेको विश्लेषण भने एकदम सही छ । तर, "विज्ञान तथा प्रविधिमा आधारित समाजवाद अबको राजनीतिक कार्यक्रम हुनु पर्दछ" भन्ने यो प्रवृत्तिको मान्यता रहेको छ । यसमा उनले अबको समाजवादलाई आजसम्मको उच्च चेतना मालेमावादले होइन विज्ञान र प्रविधिले निर्देशित गर्नेछ भन्ने गलत तर्क अगाडि सारेका छन् । यो प्रविधिवाद हो । यसको मार्क्सवादसँग कुनै साइनो छैन । सिर्जनशील हुने नाममा श्रमजीवी वर्गलाई मार्क्सवादबाट अलग गर्ने यो सोच सर्वहारावर्गको हितविरुद्ध छ । फलतः यो प्रवृति पुँजीपति वर्गको इमान्दार सेवक बन्न पुगेको छ ।

चौथो, यो मार्क्सवादमा आधारित क्रान्तिकारी प्रवृत्ति हो । यो प्रवृत्तिले विज्ञान तथा प्रविधिको विकासलाई मानव जातिले वर्गसङ्घर्ष, उत्पादनका निमित्त सङ्घर्ष र वैज्ञानिक प्रयोगको सिलसिलामा आजसम्म आर्जन गरेको समग्र ज्ञानको उपज हो भन्ने मान्दछ । यो उत्पादक शक्तिको विकास हो र यसले मानव समाजलाई पहिले कहिल्यै नपुगेको नयाँ ठाउंमा पुऱ्याउने क्षमता राख्दछ । विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको यो अभूतपूर्व विकासले महान् सम्भावना र गम्भीर चुनौती दुबै लिएर आएका छन् । यो प्रवृत्तिले सम्भावनालाई वास्तविकतामा बदल्न र चुनौतीबाट मुक्त हुनका लागि कम्युनिस्टहरूले क्रान्तिको रणनीति र कार्यनीतिको विकास गर्नु पर्दछ भन्ने विश्वास गर्छ । यसलाई एउटा सच्चा कम्युनिस्टले निम्नानुसार आत्मसात् गर्नु उचित हुन्छ ।

आज विज्ञानले गरेको कृत्रिम प्रज्ञा र स्वचालनको विकास भनेको वस्तुतः उत्पादक शक्तिको विकास हो । यो उत्पादक शक्ति यति बेला विद्यमान पुँजीवादी उत्पादन सम्बन्धसँग टक्कराइरहेको छ । आफ्नो लगानीबाट अत्यधिक अतिरिक्त मूल्य आर्जन गर्नका लागि पुँजीपतिले प्रविधिको अनियन्त्रित विकास र प्रयोगमा निकै जोड दिने गर्दछन् । तर, यसले रोजगारीको क्षेत्रलाई खुम्च्याइ दिन्छ, अर्धवेरोजगार र वेरोजगारको सङ्ख्यालाई, हरारीका शब्दमा विश्वभर निकम्मा वर्गको जमातलाई, अरु बढाइ दिन्छ र यसरी यसले आउने दिनमा धनी र गरीबका बीचको खाडललाई अरु गहिऱ्याउँदै लैजान्छ । यो भनेको उत्पादक शक्ति र उत्पादन सम्बन्धका बीचको अर्थात् श्रम र पुँजीका बीचको अन्तरविरोध अरु विष्फोटक हुँदै जाने स्थिति हो ।

ठीक यहीँ नेर नवउदारवाद पनि असफल सिद्ध भैसकेको र भूमण्डलीय प्रतिस्पर्धामा आँफु पछाडि परेको स्थितिमा अमेरिकाले यति बेला "अमेरिकालाई फेरि महान बनाऔं" भन्ने संरक्षणवादी नारा दिएर विश्वबजारमा पुनः एकाधिकार कायम गर्ने कोसिस गरिरहेको छ । चीन र रुस जस्ता महाशक्ति समेत अन्य थुप्रै देशहरू संरक्षणवादका विरुद्ध छन् । यति बेला मूख्यतः अमेरिका र चीनको बीचमा व्यापारयुद्ध चर्किँदै गएको छ । यो प्रक्रियाले विश्वमा साम्राज्यवादी शक्तिहरूका बीचको ध्रुवीकरणलाई तीव्रता दिएको छ र अन्तर-साम्राज्यवादी अन्तरविरोधलाई पनि चर्काइरहेको छ । कतिपय मानिसहरूले यो ध्रुवीकरण एवम् अन्तरविरोध आणविक अश्त्रमा आधारित विध्वंशात्मक तेस्रो विश्वयुद्धसम्म पुग्नसक्ने आकलन गर्न थालेका छन् । यसका साथै विश्वको प्रधान अन्तरविरोध अर्थात् साम्राज्यवाद तथा उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तरविरोध पनि चर्किँदै गएको छ । यसरी विश्वका सबै आधारभूत अन्तरविरोधहरू विस्फोटक बन्दै गएका छन् । यो सबैका पछाडिको आधारभूत कारण वस्तुतः विज्ञान तथा प्रविधिको विकास अर्थात् उत्पादक शक्तिको अभूतपूर्व विकास नै हो ।

यो स्पष्ट भइसकेको छ कि विश्वमा यतिबेला अभूतपूर्व रूपमा विकास भएको उत्पादक शक्ति र अति पिछडिएको उत्पादन सम्बन्धका बीचको अन्तरविरोध उत्कर्षतिर गइराखेको छ । आउने दिनमा साम्राज्यवादी शासकहरूले यो अन्तरविरोधलाई आंशिक सुधारको प्रक्रियाबाट टालटुल पार्न निकै कोसिस गर्ने छन् । तर, सुधारबाट मात्र यो अन्तरविरोध मत्थर पार्न सकिने स्थितिमा छैन र साम्राज्यवाद कै कारण उत्पन्न भएको अन्तरविरोधलाई साम्राज्यवादले नै समाधान गर्ने भन्ने प्रश्नै उठ्दैन । स्पष्ट छ, पुँजीवादी व्यवस्थाभित्र यो अन्तरविरोधको कुनै समाधान छैन । यसरी वर्तमान पुँजीवादी विश्व असमाधेय अन्तरविरोधमा फस्दै गइरहेको छ । यसरी आउने दिन विश्वभरी नै विभिन्न सार र रूपका विद्रोहका दिन हुने छन् । क्षितिजमा यसको सङ्केत देखिन थालिसकेको छ ।

यो स्थितिमा विश्वका सामु तीनवटा सम्भावना रहेका छन् । ती हुन् : एक, विश्वभर समाजवादी क्रान्तिको लहर पैदा हुनु, दुई, विध्वंशात्मक तेस्रो विश्वयुद्ध भड्किनु अथवा तीन, मानव सभ्यताको क्रमिक विघटन हुनु । पहिलोले पुरानो उत्पादन सम्बन्धलाई ध्वस्त पारेर नयाँको स्थापना गर्दछ र यो नै अहिलेको मूल प्रवृत्ति हो । दोस्रोले सबै कुराको ध्वंश गर्दछ । पहिलो वा दोस्रो मध्ये कुनै पनि नभएको स्थितिमा तेस्रो अवस्था आउने हो । यो तेस्रो अवस्थामा विश्वभर व्यापक बेरोजगारी, अभाव, भोकमरी, जातीय दङ्गा, क्षेत्रीय तथा धार्मिक युद्ध, आप्रवासन, पर्यावरणीय विपत्ति लगायत साम्राज्यवादले सिर्जना गरेका यावत समस्याहरू हुँदै अन्ततः मानव सभ्यताको नै अन्त हुने छ । जसरी सुकै किन न होस्, पुँजीवादको अन्त सन्निकट छ । पुँजीपतिले उत्पादन गर्ने सबै वस्तुहरू उसैको चिहान खन्ने मलामीहरू हुन् भनेर मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रमा भनेको भनाइको मर्म यही हो । यो परिस्थितिमा विश्व भरिका सच्चा कम्युनिस्टहरूले सचेत प्रयत्नद्वारा पहिलो सम्भावनालाई पक्रनु पर्दछ, यसको अर्को विकल्प छैन । समाजवादी क्रान्तिको लहरले सर्वहारा वर्गको मुक्ति र मानव सभ्यता तर्फको मार्ग प्रसस्त गर्नेमात्र होइन, विद्यमान पुँजीवादी समाजलाई ध्वस्त पारेर वैज्ञानिक समाजवादहुँदै विश्व साम्यवादको दिशामा अगाडि बढ्ने बाटो समेत खोल्ने छ ।

निष्कर्षमा, उत्पादक शक्तिको अभूतपूर्व विकास र पिछडिएको उत्पादन सम्बन्धका बीचको चर्किँदो अन्तरविरोधका कारण विश्व यति बेला आँधी पहिलेको शान्तिको स्थितिबाट भीमकाय उथल-पुथलको दिशातर्फ अगाडि बढिरहेको कुरा स्पष्ट देख्न सकिन्छ । यो स्थितिमा सर्वहारा वर्ग तथा उत्पीडित वर्गको मुक्ति र मानव सभ्यताको रक्षाका लागि समेत विश्वभरिका कम्युनिस्ट क्रान्तिकारीहरूले साम्राज्यवादको भण्डाफोर र सम्भावित तेस्रो विश्वयुद्धविरुद्ध जनमत निर्माण गर्दै विश्व सर्बहारा क्रान्तिको प्रक्रियामा लाग्नुको विकल्प छैन । विज्ञान तथा प्रविधिको आफ्नो भन्ने कुनै वर्ग हुँदैन, जुन वर्गको नेतृत्वमा छ त्यसले त्यही वर्गको हितमा काम गर्ने हो । समाजवादी क्रान्तिको सफलतापछि मात्र विश्व सर्वहारा वर्गले विज्ञान तथा प्रविधिको विकासलाई उत्पीडित वर्गको सामुहिक हितमा प्रयोग गर्न सक्छ । त्यो बेला प्रविधि जनताको रोजगारी खोस्ने अभिशाप होइन, बरु त्यो प्रविधिलाई मानव समाजको हितमा लगाउने, मजदुर वर्गको श्रमघण्टा घटाउने, 'निकम्मा वर्ग'लाई रोजगारी दिने र त्यो प्रक्रियामा विश्व साम्यवादको स्थापनाका लागि प्रचूर सामुहिक सम्पत्ति आर्जन गर्ने वरदान साबित हुनेछ । यसरी विज्ञान तथा प्रविधिको विकासले प्रायः संसार भरि नै सर्वहारा समाजवादी क्रान्तिका लागि अत्यन्त अनुकुल वस्तुगत आधार निर्माण गरिराखेको मात्र छैन, यसले अभूतपूर्व रूपमा उत्पादक शक्तिको विकास गरेर विश्व साम्यवादलाई पनि नजिक्याइ रहेको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी**, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

**रोयल बुईपा A/C जम्बो हाईस**




गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

| काठमाडौं सम्पर्क नम्बर | गाईघाट सम्पर्क नम्बर |
|---|---|
| बसन्त खड्का – ९८४२८३७७९३ | फोन नं. ०३५–४२१६४३ |
| – ९८१७७१९६९७ | पुरुषोत्तम खनाल – ९८५२८३५६९० |
| ईन्द्र कट्टेल – ९८१८४१५२९० | – ९८१५७८४८७४ |

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**

रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५

**सानोभाई फलफूल एण्ड जुस भण्डार**
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

टाटासुमो बोलेरो

| काठमाडौं फोन | सिन्धुली फोन |
|---|---|
| ०१–५१००४९४ | ०४७–५२११६९ |
| ९८४११०६९६७ | ०४७–६९१३३२ |
| ९८४४४०३१५९ | ९७४४०२२७३५ |
| | ९८४४२५२३८५ |
| | ९८१२०७५६९८ |
| | ९८६०१०२७३७ |
| | ९८४४००८४०० |

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

## आलोपालो

# भ्रष्टाचारी दलालविरुद्ध अखिल (क्रान्तिकारी)


❑ हुकुमबहादुर सिंह ❑

अखिल (क्रान्तिकारी)ले विद्यार्थी आन्दोलनकै इतिहासमा (करीब तीनहप्ता) त्रिविभित्रका भ्रष्टाचारी र दलालविरुद्ध रिले अनसन पूरा गरेको छ । अखिल (क्रान्तिकारी)का अनेकौ घटकहरू विद्यार्थी आन्दोलनमा विद्यमान भएको अवस्थामा यो स्पष्ट पार्न आवश्यक छ कि आखिरमा यो आन्दोलनको नेतृत्व गरिरहेको अखिल कुनचांही अखिल हो त ?

यो अखिल (क्रान्तिकारी) भनेको नेकपा (क्रान्तिकारी माओवादी)सम्बद्ध विद्यार्थीहरूको संगठन हो ।

नेकपा (क्रान्तिकारी माओवादी) को नेतृत्व वर्तमानमा महासचिव क. मोहन वैद्य 'किरण'ले गरिरहनु भएको छ । महान् दशवर्षे जनयुद्धलाई बीच बाटोमै अलपत्र पारी छाडेर संसदीय व्यवस्था नै वर्तमानमा सबै थोक हो भन्दै संसदीय व्यवस्थाको पोखरीमा पौडी खेल्न गएका प्रचण्ड र बाबुरामका विरुद्ध क्रान्तिको झण्डालाई बाटोमै अलपत्र हुनबाट जोगाएर नेपाली सर्वहारावर्गीय क्रान्तिलाई अगाडि बढाउन कम्मर कसेर लाग्नु भएको मोहनवैद्य किरणको नेतृत्वको नेकपा(क्रान्तिकारी माओवादी)ले देशबाट नोकरशाह, दलाल पुँजीपतिवर्गको राज्यसत्तालाई ध्वंशपारी नेपालमा गरीब किसान, सुकुम्वासी, मजदुर, अल्पसंख्यक जातिजनजाति तथा आदिवासी, महिला, दलितआदिको राज्यसत्ता स्थापना गर्न लागि परेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)ले लिएको यो मार्गलाई अवरोध गर्न अहिले नेपाली कम्युनिस्ट आन्दोलनभित्रका दक्षिणपन्थी र वामखोलभित्रबाट विभिन्न रंग र रूपमा अगाडि आएका कम्युनिस्ट पार्टीहरू छन् । जनतामा यी पनि कम्युनिस्ट हुनभन्ने भ्रम काफी छ । केहीले विगतमा भन्ने गर्दथे कि सरकारमा ओली र प्रचण्ड नेतृत्वको कम्युनिस्टहरू छन् र जंगल र सडकमा पनि विप्लव नेतृत्वको नेकपा छ भने वैद्य नेतृत्वको नेकपाको के आवश्यकता ? तर इतिहासले अहिले स्पष्ट पार्दैछ कि कालान्तरमा (दीर्घकालमा) विप्लव नेतृत्वको नेकपाको अस्तित्व अहिलेकै रूपमा भविष्यमा पनि निरन्तर रहन सक्दैन ।

सबैले भन्दै आएका छन् कि उनीहरूको वर्तमान राजनीतिक कार्यदिशामा स्पष्टताको अभाव छ । कि वार्ताद्वारा उनीहरू सरकारी कम्युनिस्ट पार्टीमा समावेश हुन पर्दछ कि क्रान्तिकारी कम्युनिस्ट धारतिर ध्रुवीकृत हुँदै जानु पर्दछ । उनीहरूको पार्टीभित्रै यो खालको बहस सुरु भएको छ । यद्धपि उक्त पार्टीमा अझै क्रान्तिकारी धारकै बलियो पकड भएकोले उनीहरूले अन्त्यमा क्रान्तिकारी धारमै आफ्नो मतजाहेर गर्ने छन् । त्यसैगरी मसाल, नेकपा (ऋषि कट्टेल), सिपि तथा मजदुर किसान पार्टीबारे पनि सत्य हो । सरकारी नेकपाभित्र पनि क्रान्तिकारी र पूर्व एमाले र प्रचण्ड-काजी पक्षधरबीचमा गहिरो मतभेद देखिदै छ । त्यस भित्रबाट पनि क्रान्तिकारीको एउटा धारको विद्रोहको सम्भावना जीवित छ । मूल प्रश्न संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध जनगणतन्त्रवादी एउटा कित्तामा उभिनै पर्ने हुन्छ । यी सबैको फैसला भावी आन्दोलन र क्रान्तिको कार्यदिशाले गर्ने छ ।

अहिले पनि आन्दोलनको ज्वारभाटा केही सतहमा देखिने गरी र केही भित्रभित्रै चलिरहेका छन् । अखिल (क्रान्तिकारी)को यो पहलकदमी र सक्रियता अहिले त्रिवि सेवाआयोगको मूल गेट अगाडि रिले अनशनका रूपमा देखिएको छ, त्यो नेकपा (क्रान्तिकारी माओवादी) का लागि उसको नेपालका केही बदनाम कम्युनिस्ट मिलेर बनेको ओली-प्रचण्ड सरकार हरेक क्षेत्रमा भएका भ्रष्टाचार, तष्करी र दलालहरूका विरुद्धको विगतमा वाइडबडी खरिद प्रकरणमा ३५ करोड ५६ लाखको घोटालाका प्रमुखपात्र वायु सेवा निगमको महानिर्देशक सुगतरत्न कंसाकारमाथि नेकपा(क्रान्तिकारी (माओवादी)को आह्वानमा युवा लिगका साहसी युवाहरूको नेतृत्वमा उसकै कार्यकक्षमा दिउँसै उसको बदनाम अनुहारमा कालो मोसो घसेर यो सरकारको भ्रष्टाचारी अनुहारमा त्यसको सांकेतिक रूपमा कालो मोसो दलेको सन्देश दिएका थिए, त्यसकै निरन्तरता हो ।

अहिलेको यो विद्यार्थी नेतृत्व हरिकृष्ण गजुरेलले गर्नु भएको छ र उहाँकै टिमको

पहलकदमी र सक्रियतामा अहिले त्रिविवि सेवाआयोगको मूल गेट अगाडि अखिल (क्रान्तिकारी) को रिले अनशन आज सोमवारसम्म करीब तीन हप्ता पुगेको छ । उक्त संगठनले निम्न तीनवटा मागहरू राखेर रिले अनशन गरिरहेको छ, जसमा त्रि.वि.सेवा आयोग खारेजी, आयोगका भ्रष्ट पदाधिकारीाई तत्काल बरखास्तगी र अवैधानिक रूपमा त्रिवि सेवाआयोगद्वारा प्रकाशित गरिएको नतिजाको खारेजी । यिनै उल्लेखित नाराहरू लेखिएको ब्यानरमुनी उनीहरूको रिले अनसन चलिरहेको छ ।

अहिले त्रिवि सेवाआयोगका भ्रष्ट पदाधिकारीहरूलाई तत्कालबर्खास्त र उनीहरूको नेतृत्वमा अवैधानिक रूपमा प्रकाशित गरिएको नतिजाको खारेजीलगायत यस्तो भ्रष्ट त्रिवि सेवाआयोग नै खारेजीको माग राखेर गरेको उनीहरूको रिले अनशन शिक्षामन्त्रीको समेत ध्यान आकर्षण गर्दैछ । शिक्षामन्त्रीको यसप्रतिको निष्क्रियताले हरेक क्षेत्रमा जस्तै त्रिवि सेवा आयोगका भ्रष्टाचारीलाई जोगाउन यो सरकार र यसका शिक्षामन्त्री लागेका छन् भन्ने शंका गर्ने प्रशस्त आधारहरू देखिएका छन् । तर भ्रष्टाचारी तथा तस्करहरूबाट देशलाई बरबाद गराउन तम्सिएकाका विरुद्ध तिनलाई कारबाहीको मागगर्दै नेकपा (क्रान्तिकारी माओवादी)सम्वद्ध विद्यार्थी अखिल (क्रान्तिकारी)ले लिएको यो आन्दोलनको समर्थनमा देशका अनेकौ पत्रकारहरू र प्रकाशनहरूले आन्दोलनको खुलेरै समर्थन गरेका छन् । सञ्चार क्षेत्रको यो सक्रियता एउटा राम्रो उदाहरण बनेको छ । अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलले भनेका छन्- 'यो त्रिवि प्रशासन खासगरी सेवाआयोगका भ्रष्ट पदाधिकारीका गलत काम कारबाहीविरुद्ध आम मिडिया तथा सञ्चार क्षेत्र उद्देलित बनेका छन्, जसको परिणाम त्रिवि सेवाआयोग आन्दोलनरत विद्याथीसित वार्ता गर्न तयार बनेको छ ।' उक्त रिले अनशनको समर्थनमा एक्यवद्धता प्रकट गर्न नेकपा (क्रान्तिकारी माओवादी) सम्वद्ध विभिन्न जवसहरू मात्रै नभई विभिन्न विद्यार्थी संगठनहरूले पनि अनशनस्थलमा गएर उनीहरूका माग पूरा गर्न सरकारलाई दवाव दिइरहेका छन् ।

त्रिवि लामो समयदेखि भ्रष्टहरूको लागि आफैले खाने, आफ्ना परिवार, नातागोता तथा आसेपासेलाई खुवाउने र ती दलाल तथा तष्करसित बसेर गफगर्ने अखडा बन्दै आएको छ । त्रिवि सेवाआयोग पनि यसबाट मुक्त छैन । भ्रष्टाचार, तष्कर तथा माफियाको जालो वालुवाटार, सिंहदरवार, विश्वविद्यालयदेखि गाउँटोलसम्म विस्तार हुँदै गएको छ । त्यसकारण भ्रष्टाचारीको यो जालो तोड्नका लीग नेकपा (क्रान्तिकारी माओवादी) को यो शाहसिक पहलमा हातेमालेको आवश्यकता छ । त्रिवि सेवा आयोगको आवश्यकता र औचित्यता समाप्तभएको धेरै पहिलेदेखि नै हो तर सरकार र प्रतिपक्षमा बसेका डबल नेकपा र नेपाली

कांग्रेसले त्रिविका हरेक पद तथा सुविधा एक आपसमा बांडी चुँडी गर्दै आएको इतिहास छ । यो गोलचक्करलाई तोडन अब नेकपा (क्रान्तिकारी माओवादी) को विद्याथी संगठन- अखिल (क्रान्तिकारी) सबै खाले बलिदानीपूर्ण कार्यका लागि पहलकदमीका साथ अगाडि आएको छ र नेपालका स्वाभिमानी नागरिकले यसका लागि उक्त विद्यार्थी संगठनको महान् बलिदानीपूर्ण आन्दोलनमा सहभागिताको आवश्यकता छ । नेकपा (क्रान्तिकारी माओवादी)को स्पष्ट मत छ कि देशमा व्याप्त यी तमाम विकृतिहरूका विरुद्ध सशक्त प्रतिरोधपूर्ण कार्यहरू गर्ने र यो सरकारका विरुद्ध मात्रै नभई यो प्रतिक्रियावादी संविधानका विरुद्ध पनि सशक्त संघर्ष गर्दै नेपालमा जनगणतन्त्रको स्थापनालाई सुनिश्चित गर्दै जानु आवश्यक छ ।

किनभने यी सबै विकृतिको मूलअधार भनेको यो प्रतिक्रियावादी सत्ता र यो सञ्चालन गर्ने वर्तमान संविधान हो । र यसरी भ्रष्टाचार तथा तष्करका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) को यो निरन्तर चल्ने अयिानमा उसको विद्यार्थी तथा युवा संगठनको जुझारु नेतृत्वको सक्रियता अपरिहार्य छ । हरिकृष्ण गजुरेलको नेतृत्वको यो अखिल (क्रान्तिकारी)ले क्रमशः आफ्नो पहिचान आमजनता र विद्यार्थीबीचमा स्थापित गर्न यो आन्दोलनले केही हदमा मद्दत गर्ने स्पष्ट देखिन्छ । यद्धपि यो मौकालाई उक्त संगठनको नेतृत्वले संगठनमा रूपान्तरण गर्न आवश्यक छ । संघर्ष-संगठन-संघर्षको प्रक्रियाबाट नै विद्यार्थीहरूले आफ्नो क्रान्तिकारी इतिहासलाई पुनर्जीवित गर्ने छन् । र अखिल क्रान्तिकारीको निशानाबाट त्रिवि सेवा आयोगका भ्रष्टाचारी र दलालहरू उम्किने छैनन् ।




विश्व सम्पदा सूचिमा सूचिकृत, सांस्कृतिक स्थल भगवान्को पावन भूमि श्री पशुपतिनाथ क्षेत्र परिसर भित्र मांस, मदिरा तथा प्लाष्टिक निषेधित गरिएकाले यस क्षेत्रको वातावरण संरक्षणमा सहयोग गरी पवित्रता कायम गरौं।

पशुपति क्षेत्र विकास कोष





**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, **फोटो**: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।